'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत २४

वर्ष ५, अंक १ | बुद्ध सम्वत् २५६१ | ने.सं. ११३७ बछलाथ्व | वि.सं. २०७४ वैशाख २७ स्वाँया पुन्ही

भक्तपुर गोल्मढी वडा नं. ७ मा अवस्थित चैत्य

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

अर्हत

त्रैमासिक

वर्ष ५ | अङ्क १ | पूर्णांक २४ | नेसं ११३७ बछलाथ्व

शक सं. १९३९ | २०७४ वैशाख २७ | बुद्ध सं. २५६१

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

विज्ञापन संकलक
लक्ष्मीप्रसाद रजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१४१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-

सम्पादकीय

विश्वमा शान्ति स्थापनार्थ आजीवन सङ्घर्ष गर्ने महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण भएको वैशाख पूर्णिमाको दिन हो। आजको दिन त्रिसंयोगयुक्त दिन हो। आजको दिन पवित्र छ। यसकारण २५६१ औं बुद्ध संवत्को अवसरमा सम्पूर्ण नेपालीहरूमा 'अर्हत्' परिवार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पाठक महानुभावहरू !

बीस वर्षपछि नेपालमा स्थानीय तहको निर्वाचन हुन गइरहेको छ। यस निर्वाचनमा अर्हत परिवार अछुतो रहन सक्तैन। निर्वाचनमा बुद्धको उपदेशलाई सम्झेर आफ्नो मताधिकारलाई सदुपयोग गर्नुहुन अनुरोध गर्दछौं। बुद्धले हामीलाई उपदेश दिनुभएको छ -लोभ नगर ! कसैको अन्धभक्त नबन। सबै कुरामा आलोचनात्मक दृष्टिकोण राख। यी सन्देशहरूलाई चिन्तन गरौं मनन गरौं। हाम्रो मतलाई प्रयोग गर्नु अगाडि सबैको विचार बुझौं। त्यस विचार व्यवहारमा लागू गर्न सक्छ कि सक्दैन र विगतमा व्यक्त गरेका विचारअनुसार व्यवहारमा लागू गरेको छ कि छैन भन्ने विषयमा फर्केर हेरौं। देश र जनताको हितमा काम गर्ने उम्मेदवारलाई हाम्रो मत जाहेर गरेमा के शान्ति स्थापना हुँदैन र ?

अर्हत् त्रैमासिकले पूर्णाङ्क २३ पार गरी वर्ष ५ अङ्क १ देखि २४ पूर्णाङ्कमा प्रवेश गरेको छ। पत्रिका निरन्तरताको लागि सहयोग गर्ने सम्पूर्ण पाठक, लेखक तथा विज्ञापनदाताहरूमा आभार व्यक्त गर्दछौं।

यस पत्रिकाको उद्देश्य बुद्धको उपदेशअनुसार समाजमा व्याप्त अन्धविश्वास, लोभलालच तथा विकृति र विसंगतिहरू हटाउने कार्यमा सहयोग पुऱ्याउने हो। त्यही अन्धविश्वासको आडमा दुष्टहरूले शान्ति खलबलाएको छ भन्ने हामीलाई लाग्छ। आणविक हतियार विहीन राष्ट्रहरू दुष्टहरूको अधीनमा बस्नुपर्ने र ती दुष्टहरूले नै संसारमा अशान्ति फैलाएको अनुभव गर्दैछौं। उदाहरणको लागि -इराक, लिबिया, सिरिया र अफ्रिकी देशहरू र अफगानिस्तान आदि हुन्।

संसार ध्वस्त पार्ने आणविक हतियारहरू यो संसारबाट हटाउनुपर्छ। आफूले मात्र हतियार निर्माण गर्न पाउने तर अरुले गर्न नपाउने एकाधिकार बन्द गर्नुपर्छ। संसार एकआपसमा भ्रातृत्व कायम गरी मानव जातिले शान्तिको सास फेर्न सकोस्। यही नै बुद्ध जयन्तीको अवसरमा हाम्रो कामना छ।

अस्तु !

महावीर वर्धमान र गौतम बुद्ध

✍ प्रधान

१) महावीर वर्धमान र जैन धर्म

प्राचीन भारतमा आर्यहरूको विभिन्न शाखाहरूले इश्वरको विविध रुपका देवी-देवताहरू मान्न थाले र ईश्वरलाई एक सर्वोच्च शक्तिको रुपमा मान्न थाले। यज्ञले देवी देवताहरूको पूजाको रुप लियो र कर्मकाण्डहरू र अन्धविश्वासले झन् झन् जरा गाड्न थाल्यो। याज्ञिकहरू विविध कर्मकाण्डले स्वर्ग प्राप्त हुने र मोक्ष प्राप्त हुनेमा विश्वास गर्न लागे।

१) ई.पू. ७०० वर्ष पहिले नै उत्तर भारतमा फलामका ज्यावलको प्रयोग हुन थालियो। कृषिमा फलामको प्रयोगको र आवश्यक वर्षाको कारण वर्षको तीन वालीसम्म भित्र्याउन थाले। जङ्गल फडानी गरेर खेती हुन थालियो र उत्पादनको वृद्धि हुन थाल्यो। उत्पादनको वृद्धि र किसानहरूको जीवनस्तर उठ्नासाथ सहरहरूको विकास भयो, सहरहरूको विकासले कला-कौसल र व्यापारको विकास भयो। सडक र यातायातको विकासले समाजमा श्रम विभाजन भयो, त्यसले समाजमा विविध पेशागत समुदायको विकास भयो। मुद्राको प्रचलनमा विकास भयो।

समाजमा भौतिक परिवर्तनले पुराना यज्ञ-यज्ञादी र कर्मकाण्डबारे आलोचनात्मक, दृष्टिकोणको पनि प्रादुर्भाव भयो। ई.पू. छैटौं शताब्दीमा भौतिकवादी दर्शन वा लोकायत (वृहस्पति त्यसका प्रधान प्रवर्तक) वा चार्वाक दर्शनको प्रचार हुन थालियो। ईश्वरको कुनै अस्तित्व छैन भनेको हुनाले त्यस दर्शनलाई 'न र अस्ति' भनिएको हुनाले 'नास्तिक' भनियो। चार्वाक दर्शनले इश्वर, स्वर्ग र नर्क र पूर्वजन्मलाई ईश्वर मान्नेहरूले स्वीकारेनन्। यसको प्रभाव जैन दर्शन र बौद्ध दर्शनमा देखा पऱ्यो।

विहारको मुजफरपुर जिल्लाको बसाढ भन्ने क्षेत्रमा २६०० वर्ष पहिले लिच्छवि गणतन्त्रको राजधानी वैशाली थियो।

त्यस गणतन्त्रका अध्यक्ष चेटक थिए र त्रिशाला नामकी एक छोरी थिइन्। वैशालीकै नजिक कुण्डाग्राममा एक क्षेत्रीय कुमारसँग उनको विवाह भयो। उक्त क्षेत्रीय कुमारको नाम सिद्धार्थ थियो।

राजकुमार सिद्धार्थकी रात्री त्रिशालाको कोखबाट एक बालकको जन्म भयो - उनको नाम वर्द्धमान राखियो। अध्ययन, खेलकूल आदिमा उनी अगाडि थिए। उनी सबैसँग मिलिजुली बस्थे। बुद्ध भन्दा उनी ३० वर्षले जेठो मानिन्छ।

गणतन्त्रमा देखा परेको अन्तरविरोधलाई निराकरण गर्न मानिसमा भएको लोभ-पापलाई हटाउन उनी आफ्नो ज्ञान वृद्धितिर लागे। उनी गरिबहरूको एकाकार भए। उनले हिंसा र लोभ-लालचबाट समाजलाई मुक्ति दिलाउन गाउँ गाउँ र जिल्ला-जिल्लामा गएर प्रचार गर्न थाले। उनी नै पछि महावीर वर्द्धमानको रुपमा चिनिए।

उनको प्रचार अभियान विहार, उत्तर प्रदेश, वीरगञ्ज र सिन्धुसम्म पुग्यो ७२ वर्षको उमेरमा उनको देहान्त भयो।

प्राचीन समयमा भारतको उत्तरी विहारमा धेरै गणराज्यहरू थिए। महावीर वर्धमान जातृक गणमा जन्मेका र बुद्ध शाक्य गणमा जन्मेका थिए। मगध साम्राज्यले पछि ती गणतन्त्रहरूलाई समाप्त पाऱ्यो। राजनीतिक र सैनिक

रुपले ती गणराज्यहरू पराजित भए ।

तर मगध साम्राज्य धार्मिक क्षेत्रमा वृज्जि संघ र शाक्य गण र वृज्जि संघमा भिक्षुहरूको अगाडि झुक्यो । त्यसबेला मगध राजगद्दीको निम्ति सैन्य नेताहरूमाझ तँछाडमछाड भइरहेको बेला राजपुत्र कर्कट जस्तै आफ्नो पिता वा जनक समान मान्न तयार भए । त्यसैबेला भिक्षुहरू समाज शान्ति, प्रेम र सेवाबाट एक नयाँ किसिमको चातुरन्त स्थापना गर्न चाहन्थे ।

भारतमा आर्य जातिका विविध हाँगाविंगाले विविध प्रदेशमा आ-आफ्नो जनपद स्थापित गरेका थिए । सुरुमा सबै आर्यले एक ईश्वरलाई सर्वोच्च शक्तिको रुपमा मान्थे । पछि प्रकृतिलाई विविध शक्तिको रुपमा धेरै देवीदेवताको रुपमा मान्न लागे । तिनीहरू यज्ञलाई मुख्य पूजाको रुपमा मानथे । स्वर्गलाई प्राप्त गर्न र मोक्ष प्राप्त गर्न एकमात्र उपाय यज्ञलाई मान्न थाले । त्यस विचारको विरोध पनि त्यसबेला भएको थियो ।

शूरसेन देशको सातवतहरू भागवत-सम्प्रदाय महाभारतकालमै प्रचलित थियो, तिनीहरू यज्ञलाई महत्त्व दिदैनथे । बासुदेव कृष्ण पनि त्यस मतका आचार्य थिए । आर्यहरूमा विचार स्वतन्त्रताको प्रवृत्ति थियो र याज्ञिक अनुष्ठानहरूको विरोधमा प्रचार चर्किदै गयो र इशापूर्व छैटौं शताब्दीमा उत्तरी विहारका गणराज्यहरूमा यज्ञप्रधान वैदिक धर्मको विरोधमा आन्दोलनसँगै नयाँ धर्म सुरु भयो । ती धर्म याज्ञिक अनुष्ठान, वर्णभेद आदि विकृतिको विरोध थिए ।

विभिन्न जातिहरूसँगको संसर्गबाट आर्य रक्तशुद्धताको विषय पनि उठ्यो । आर्य र दास वा शुद्रको भेद वैदिक युगदेखि नै थियो । विस्तारै आर्यहरूमा पनि वर्ण या जातिभेद विकास भयो । याज्ञिक अनुष्ठानको विशेषताको कारण ब्राह्मणहरू अरु साधारण जातिभन्दा माथि 'आर्यविशः' भए ।

त्यस्तै क्षेत्रीयहरू पनि निरन्तर युद्धको कारण क्षेत्रीय सैनिकहरू पनि अन्य आर्यहरूभन्दा माथिका सम्झना थाले ।

उत्तर विहारमा ज्ञातृक गणका पूर्वजहरूका पनि महावीर वर्धमानको जैन धर्मका अनेक तीर्थङ्कर आचार्य थिए । तिनीहरू यज्ञिक कर्मकाण्ड मान्दैनथे ।

जैन धर्मको महावीर वर्धमानभन्दा अघिका अन्तिम तीर्थङ्कर राजा ऋषभ थिए । उनी जुम्बूद्वीपमा प्रथम चक्रवर्ती सम्राट थिए । वृद्धावस्थामा आफ्नो छोरो भरतलाई राज्य सुम्पेर आफू तीर्थङ्कर भए ।

तीर्थङ्कर पार्श्व

तीर्थङ्कर पार्श्व महावीर वर्धमान भन्दा २५० वर्ष पहिलेका थिए । उनी बनारसका राजा अश्वसेनका छोरा थिए । सुरुमा उनको लालनपालन सामान्य थियो । कुरास्थल देशकी राजकुमारी प्रभावतीसँग युवाअवस्थामा उनको विवाह भएको थियो । ३० वर्षको उमेरमा राजा पार्श्वनाथलाई वैराग भावना जाग्यो र राजपाट छोडेर तपस्या गर्न गए । ८३ दिनपछि पार्श्वनाथलाई ज्ञान प्राप्त भयो र पहिले आफ्ना माता र पत्नीलाई त्यस धर्मबाट दीक्षित गरे । ७० वर्षसम्म आफ्नो धर्मको प्रचारमा लागेर १०० वर्षको उमेरमा उनले एक पर्वतको टुप्पोमा मोक्ष प्राप्त गरे । त्यस ठाउँको नाम आज पनि पार्श्वनाथ पर्वत भनी चिनिन्छ ।

पार्श्वले जैन भिक्षुहरूलाई ४ नियम बताएका थिए - पहिलो- जीवित प्राणीलाई हिंसा नगर्नु, दुई- सधैं सत्य बोल्नु, तीन- चोरी नगर्नु र चार- कुनै सम्पत्ति नजोड्नु । तर भिक्षुहरूलाई लुगा लगाउन भने छुट थियो । महावीर वर्धमानले ती चार नियममा 'ब्रम्हचर्य व्रत' पनि जोडे । महावीरले भिक्षुहरूलाई कुनै वस्त्र नलाउने नियम पनि बनाए ।

महावीर वर्धमान

बल्जिराज्य संघमा ज्ञातृक गण रहन्थ्यो । ज्ञातृक गणको प्रमुख राजाको नाम सिद्धार्थ थियो । सिद्धार्थको विवाह वैशाली राजकुमारी त्रिशालासँग भयो । त्रिशाला लिच्छवी राजकुमारी थिइन् । उनी लिच्छवीहरूका राजा चेटककी बहिनी थिइन् । ज्ञातृक राजा सिद्धार्थ र लिच्छवि कुमारी त्रिशालाबाट तीन सन्तान जन्मे । तिनीहरूमध्ये

एउटा छोरी र दुई छोरा थिए। सानो छोरोको नाम वर्धमान राखियो। पछि उनको नाममा महावीर जोडियो। वर्धमान, वीर, महावीर, जिन, अर्हत, भगवत आदि विशेषण उनको नाममा जोडियो।

एक समृद्ध क्षेत्रीय सरदारको छोरोको रुपमा जन्मेका वर्धमानको लालनपालन राजकुमारहरूको जस्तै थियो। तर बज्जि राज्य संघमा वंशानुक्रमअनुसार राजा हुँदैनथ्यो र क्षेत्रीय घरानाका ठूल्ठूला सरदारहरूको प्रभाव गणराज्यमा हुन्थ्यो र 'राजा' एक प्रकारको पदवीको रुपमा मात्रै लिइन्थ्यो। सिद्धार्थ पनि त्यस्तै 'राजा' थिए र वर्धमानलाई सानैदेखि शिक्षा-दीक्षा दिइयो। उनी विद्या र शिल्पमा कुशल देखिए। ठीक उमेरमा उनको विवाह यशोदा नाउँकी कन्यासँग भयो। उनीबाट एक छोरी जन्मिइन्, उनको नाम 'जमालि' थियो। उनको विवाह एक क्षेत्रीसँग भयो र उनी पछि वर्धमानको प्रधान शिष्यमध्ये एक भए।

महावीर वर्धमानको सुरुको जीवन सामान्य थियो। उनी सजिलो र सुखी जीवनभन्दा 'परिणाममुखी' (श्रेयष्कर) जीवन चाहन्थे। सुरुमा उनी पार्श्वनाथबाट प्रतिपादित जैन धर्मको अनुयायी भइ केश मुण्डन गरी १३ वर्षसम्म अध्ययन (तपस्या) गरी 'पूर्ण सत्य ज्ञान' अर्थात् 'केबलिन' प्राप्त गरे। संसारको सुख-दुःख अरु वस्तुबाट निर्लिप्त सबैलाई खाली 'केवलरुप' को दृष्टिले मात्रै ग्रहण गर्ने आचरण गर्नेलाई 'केवलिन्' को स्थिति मान्थे। त्यसपछि उनको सत्य ज्ञानको व्यापक प्रचार सुरु भयो र उनको सम्प्रदायलाई 'निर्ग्रन्थ' भनियो। जसको अर्थ हो -'बन्धनहरूबाट मुक्त'। उनका शिष्यहरूलाई 'नर्थन्थ' वा 'निगन्थ' जैन पनि भनिए। वर्धमानलाई केवलिन् पद प्राप्त गरेपछि वीर, महावीर, अर्हत आदि सम्मानजनक शब्दहरूबाट सम्बोधित व्यक्तित्वको शिष्यलाई 'जिन' वा 'जैन' भनियो।

महावीरका एक शिष्य गौतम इन्द्रभूति थिए र उनले पनि 'केवलिन्' प्राप्त गरे। महावीरको प्रचारको शैली एक ठाउँलाई केन्द्र बनाएर प्रचार गर्नुभन्दा शिष्यहरूसँग एक ठाउँबाट अर्को ठाउँमा सन्देश पुऱ्याउनु हो।

सबभन्दा पहिले उनले आफ्नो जाति, ज्ञातृक क्षत्रीहरूको माझमा आफ्नो शिक्षा प्रचार गरे तथा धेरै अनुयायी बनाए। पछि लिच्छवी र विदेश राज्यहरूमा पनि प्रचार कार्य गरे तथा मगधको राजधानी राजगृहमा पनि गए। त्यहाँ त्यसबेला प्रसिद्ध सम्राट श्रेणिकले राज्य गर्थे। सम्राट श्रेणिक महावीरको उपदेशबाट प्रभावित भएर उनलाई भव्य स्वागत गरे।

महावीर ७२ वर्षको उमेरमा राजगृह नजिक पावा नगरमा उसले प्राण त्याग गरे। त्यो ठाउँ जैन अनुयायीहरूको ठूलो तीर्थस्थल बन्यो। आज पनि त्यो ठाउँ विहारको शरिफ स्टेशनभन्दा ६ माइल टाढा पोखरपुर नाउँबाट चर्चित छ।

जैन धर्मको नियम र शिक्षा

भिक्षु र गृहस्थहरूलाई फरक शिक्षा र नियम प्रतिवाद गरियो। गृहस्थहरूको निम्ति निम्न पाँच नियम बताइएको छ -

पाँच नियम :

क) मन, वचन, शरीर र कर्मले हिंसा नगर्नु।

ख) सधैं सत्य बोल्नु।

ग) अरुको सम्पत्तिमाथि लोभ नगर्नु, त्यसै राखिएको कुनै वस्तुलाई पनि मालिकले नदिएसम्म नलिनु।

घ) मन, वचन र कार्यले अरुको स्त्रीमाथि पापसमेत नचिताउनु।

ङ) आवश्यक नभएसम्म बढी धन जम्मा गर्नु।

तीन शिक्षा

क) धेरै टाढा-टाढा नजानु।

ख) आफूलाई नचाहिने विषयमा हात नहाल्नु।

ग) आवश्यकताभन्दा बढी नखानु र धेरै उपयोग नगर्नु।

अन्य चार निर्देशन :

क) निश्चित स्थान र सीमाभित्र व्यवहार गर्नु।

ख) बिहान, दिउँसो र सन्ध्याकालमा सांसारिक गतिविधिबाट मुक्त भएर शुद्ध भावबाट आत्मालाई शुद्ध गर्नु।

ग) प्रत्येक अष्टमी र चतुदर्शीको दिन घरको कामबाट निवृत्त भई 'मुनि' वा भिक्षुहरूले जस्तै केही समय व्रत बस्नु ।

घ) अतिथिहरूको स्वागत र सत्कार गर्नु ।

भिक्षुहरूको निम्ति पाँच नियम

साधारण गृहस्थीहरूले कडा नियम पालन गर्न नसक्ने र समाज चल्न गाह्रो हुने भएकोले मुनि वा भिक्षुहरूको नियम कठोर देखिन्छ ।

पाँच महाव्रत -

१) अहिंसा व्रत- हिंडडुल गर्दा समेत कुनै प्राणी या किट-पतङ्गको हिंसा नहोस् भनी ध्यान दिनुपर्छ ।

२) बोली वचन सदा मधुर र नरम हुनुपर्छ । कडा बोलीकै कारण बोलीको हिंसा हुनसक्छ

३) भोजन प्राप्त गर्दा पनि कुनै प्राणीको समेत हिंसा नहोस् भनी चिन्ता गर्नुपर्छ ।

४) मुनि वा भिक्षुले आफ्नो अगाडिको सामानमा कीरा नपरोस् भनी बरोबर हेर विचार गर्नुपर्छ ।

५) दिशा-पिसाब गर्दा समेत कीट-पतङ्गको हिंसा नहोस् भनी विचार गर्नुपर्छ ।

२) असत्य-त्याग व्रत

सत्य हुनुको साथै प्रिय बोल्नुपर्छ, सत्य भए पनि कटु शब्द बोल्नुहुन्न ।

क) नबुझीकन कुरा गर्नुहुन्न ।

ख) रिसाएको र अहंकारको भावावेशमा कुरा गर्नुहुन्न ।

ग) लोभको भावना मनमा आएको बेला बोल्नुहुन्न

घ) डर लागेको बेला बोल्नुहुन्न ।

ङ) ख्याल ख्यालमा समेत झूट बोल्नुहुन्न ।

३) अरुको सामान ग्रहण गर्ने व्रत

क) भिक्षु वा मुनिले घरधनीले स्वीकृति नदिएसम्म घरमा जानुहुन्न ।

ख) गुरुलाई नदेखाई वा अनुमतिविना भिक्षा लिनुहुन्न ।

ग) कुनै घरमा बास बस्नुपरेमा पहिले घरधनीसँग अनुमति लिनुपर्छ र कहाँसम्म जानुहुन्छ र कति समय बस्ने सबै कुरा सोधेरमात्रै बस्नुपर्छ ।

घ) घरपतिको अनुमतिविना घरको बस्ने आसन (मेच), ओछ्यान वा अन्य वस्तु उपयोग गर्नुहुन्न ।

ङ) कुनै घरमा एक मुनि घरमा बास बसेको छ भने घरधनीसँग अनुमति नलिई अर्को मुनि घरमा बस्नुहुन्न ।

४) ब्रह्मचर्य महाव्रत

क) विपरीत लिङ्गका व्यक्तिसँग कुराकानी नगर्नु ।

ख) कुनै स्वास्नी मानिसलाई नहेर्नु ।

ग) गृहस्थ जीवनमा हुने स्त्री संसर्ग बारे पनि नसोच्नु ।

घ) धेरै खाना नखानु, मसला र पिरोले ब्रम्हचर्य नास हुने हुँदा त्यस्तो वस्तु नखानु ।

ङ) जैन मुनि वा भिक्षुले कुनै वस्तुसँग पनि आत्मीयता नगाँस्नु, सम्पत्ति जोड्ने इच्छा, रुप रङ्ग, रस, गन्ध, स्पर्श शब्दले पनि कुनै वस्तुलाई आत्मीय नबनाउनु, सबै विषय र वस्तुबाट निर्लिप्त र विरक्त भएर मोक्षको चरम उद्देश्य प्राप्त गरी जीवनसिद्ध गर्नु वा 'केवली' बन्नु हो ।

२) गौतम बुद्ध र बौद्ध धर्म

शाक्य गणको जनपदको राजधानी कपिलवस्तु थियो । भौतिकवादी ऋषि कपिलको नामबाट त्यस राजधानीलाई नै कपिलवस्तु नामाकरण भएको बताइन्छ । त्यस शाक्य गणको राजाको नाम शुद्धोधन थियो । उनीएक सम्पन्न राजा थिए । उनको छोराको नाम सिद्धार्थ राखिएको थियो ।

शाक्य गणका राजकुमारहरूलाई त्यसबेला शारीरिक शिक्षाको रुपमा वाण हान्ने, घोडसवारी, कुती आदि व्यायामको तालिम दिइन्थ्यो । सिद्धार्थ ती खेल र व्यायाममा अब्बल थिए । तर त्यसैबेला अध्ययनको एक महत्त्वपूर्ण विषयवस्तु दर्शनशास्त्र थियो ।

उनको बाल्यकाल सुख-सुविधामा हुर्केको थियो, उनको दरवारमा जाडो, गर्मी र वर्षा ऋतुअनुसारको फरक फरक कोठाको बन्दोबस्त थियो । शुद्धोधनले आफ्नो छोरो सिद्धार्थलाई शाक्य गणको एक प्रतिष्ठित व्यक्तित्वको रुपमा अगाडि बढाउन चाहन्थे ।

सिद्धार्थको विवाह यशोधरा नामकी सुन्दरीसँग भएको थियो र उनको जीवन आनन्द र सुखपूर्वक व्यतित

हुँदै थियो। उनको एक छोरो जन्म भयो र बालकको नाम राहुल राखियो।

राजधानी कपिलवस्तुको अध्ययन भ्रमणको बेला उसले मर्न लागेको एक विरामी देखे। त्यस्तै उनले लौरो टेकी हिंडिरहेकी एक वृद्धलाई देखे। त्यस्तै मसानतिर लगिदै गरेको एक शव र मलामीहरूलाई देखे। दुःख-कष्टले भरेको त्यस समाजमा सबै पीडालाई आत्मसात गरिरहेका एक शान्त सन्यासीलाई पनि देखेको वर्णन बौद्ध साहित्यमा पाइन्छ। यी घटना र विषयवस्तुलाई प्रतिकको रुपमा लिइएको हुनुपर्छ।

सिद्धार्थले विरामीको कारण, बुढेसकालको कारण र मृत्युकै कारण र ती स्थितिबाट मुक्तिको विषयमा चिन्तनमनन गर्न थाले। त्यसबेला गम्भीर अध्ययन र चिन्तन मननलाई तपस्या भनिन्थ्यो। घरको सुख-सुविधा, मायाप्रेम र आनन्दको जीवनले जन्म, विरामी, वृद्ध अवस्था र मृत्युको बारे गम्भीर अध्ययन र अनुसन्धान गर्न सम्भव थिएन। यसकारण २९ वर्षको उमेरमा उनी एक रात घर छोडेर सच्चाईको खोज-अनुसन्धानको निम्ति हिंडे। त्यस युगमा सम्पन्न र प्रतिष्ठित परिवारबाट सत्यको खोजीमा जाने परम्परा पनि थियो।

त्यसबेला सम्पन्न परिवारका युवाहरू, शिक्षित व्यक्तिहरू र प्रतिष्ठित व्यक्तिहरू इश्वरको अस्तित्व, स्वर्ग र नर्कको अस्तित्व र पूर्वजन्मबारे बौद्धिक छलफल वा शास्त्रार्थबाट सच्चाईमा पुग्न चाहन्थे। तिनीहरू घरबाट टाढा जान्थे। अहिले विश्वविद्यालयमा अध्ययन गर्न जाने जस्तै त्यसबेला दार्शनिक र चिन्तकहरूको कुटी र शिक्षालयमा अध्ययन र चिन्तनमा लाग्थे, जसलाई तपस्या भनिन्थ्यो।

सिद्धार्थ उरुबेला जस्ता सुन्दर र अत्यन्त मोहक, प्राकृतिक रुपले शान्त र स्निग्ध ठाउँमा पुगे। तर त्यहाँ पनि उनको ज्ञानको पिपासा शान्त भएन। शास्त्रार्थको निम्ति घुम्दा घुम्दै अन्तमा उनी बोधगयामा भौतिक जीवनको सार बुझे।

त्यसबेलामा गर्मी मौसममा जङ्गल, कुटी र विहारजस्ता स्थलहरूमा नै एक चित्तले शास्त्रार्थ र चिन्तन गर्न सकिन्थ्यो। त्यहींबाट उनले जीवन र जगतबारे सच्चाईलाई प्राप्त गरे। त्यसैले बोधगयालाई सिद्धार्थको ज्ञान प्राप्तिको स्थल सम्झिंयो र त्यसबेलादेखि उनी 'बुद्ध' वा विषयवस्तुका पारङ्गत पण्डित जस्तै महात्मा कहलिए।

जन्म, शरीरको वृद्धि, रोग, बुढ्यौली र मृत्युको कारण दार्शनिक तर्कबाट साबित गर्न चाहन्थे। त्यसबेला अनुभव नै सबभन्दा ठूलो प्रयोगशाला थियो। एकआपसको अनुभव र तर्कको बीचमा मेल नहुँदा थप अध्ययनको खाँचो अनुभव गर्थे। ईश्वर, स्वर्ग-नर्क र पूर्वजन्मबारे छलफल गर्दा सिद्धार्थभन्दा धेरै वर्ष पहिले नै चारवाक सिद्धान्त वा बृहस्पति, कपिल आदि भौतिकवादी दार्शनिकहरू एक टुङ्गोमा पुगेका थिए। सच्चाई बुझेकाहरू ईश्वर, आत्मा, स्वर्ग र पूर्वजन्मका अस्तित्वलाई असत्य, पूजापाठ र यज्ञबाट जनतालाई मुर्ख बनाउने पाखण्ड सम्झन्थे। अन्ततः भौतिकवादी सिद्धान्त नै सही भएको टुङ्गोमा उनी पुगे। लोक कल्याणको प्रचारको निम्ति उनी गयाबाट काशी गए, काशीको सारनाथमा उनले एक प्रवचन दिए, त्यहाँ उरुबेलाका पाँच जना निराश तपस्वी साथीहरूसँग भेटघाट भयो। बुद्धको विचारबाट तिनीहरू पनि प्रभावित भए र तिनीहरू पनि बुद्धका शिष्य भए।

सारनाथबाट बुद्ध फेरि उरुबेला फर्के। त्यसबेला त्यो ठाउँमा एक हजार ब्राह्मण यज्ञको कर्मकाण्डमा लीन थिए। वेद मन्त्रहरूको उच्चारण गर्दै आगोको कुण्डमा अन्न, घीऊ र अन्य वस्तु होम गर्दै थिए। बुद्धले ती ब्राह्मणहरूमध्ये कश्यप नामका ब्राह्मण पुरोहितलाई चित्त बुझाई बौद्ध दर्शनबाट शिक्षित गरे। त्यहाँबाट आफ्ना शिष्यहरूसँग बुद्ध मगधको राजधानी राजगृह पुगे, त्यहाँ बिम्बिसार राज गर्थे। त्यहाँ सारिपुत्र र मोग्गलान दुई जना प्रभावशाली युवा ब्राम्हणलाई आफ्ना शिष्य बनाए।

आफ्नो दर्शनको प्रचार गर्दै बुद्ध मगधलाई केन्द्र बनाई काशी, कौशल र बज्जि जनपदमा पुगे। अवन्ति र अन्य जनपदबाट पनि बुद्धलाई निमन्त्रणा आउँथ्यो,

आफू जान नसक्ने ठाउँमा उनले आफ्ना शिष्यहरू पठाउँथे ।

यसरी बुद्ध ४० वर्षसम्म आफ्नो दर्शनको प्रचार गर्न राजगृहबाट कुशीनगर पुगे । लामो यात्राको कारण उनी वैशालीको नजिक वेणुवनमा उनलाई सञ्चो भएन । स्वास्थ्य लाभपछि उनी पुनः वैशालीबाट कुशीनगरको यात्रा गर्दा अस्वस्थताका कारण हिरण्यवती नदीको नजिकै मुकाम बनाए । त्यसबेलासम्म बुद्ध ८० वर्षका ज्येष्ठ थिए । उनको अस्वस्थताको समाचार चारैतिर फैलियो र चारैतिरका सचेत समुदाय र कुलीन व्यक्तिहरू पनि अन्तिम दर्शनको निम्ति हिरण्यवती नदीको किनारमा पुगे । अन्तिम समयमा बुद्धले आफ्ना शिष्यहरूलाई सन्देश दिए -मेरा प्रियजन, हरेक व्यक्ति जन्मन्छ र मर्छ पनि । यो चिन्ताको विषय होइन । बरु तिमीहरू निराश नभई आफ्नो प्रचार कार्यलाई निरन्तरता दिदै जानु ।'

कुशीनगरकै नजिक बुद्धको महानिर्वाणपछि समाधीको रुपमा उनको ठूलो मूर्ति स्थापित गरियो ।

बुद्ध दर्शनको सार

१) बुद्ध खानै नखाई, शरीरलाई अति कष्ट दिएर ज्ञान प्राप्ति र मोक्षको अतिवाद र अत्यन्त भोगविलाशमा लिप्त हुने अल्छी र अति भोगवादलाई अस्वीकार गर्थे ।

२) उचित दृष्टिकोण, उचित प्रतिबद्धता, उचित वचन, उचित कर्म, उचित जीवनपद्धति, उचित प्रयत्न, उचित विचार र उचित चिन्तन । संयम र सदाचारको जीवन जिउनु नै उत्तम जीवन मापन हो ।

३) मानिस जन्मेदेखि नमरेसम्म दुःखै दुःख र कष्ट झेल्नुपर्ने हुन्छ । ती चाहे जुनसुकै वर्ग र समुदायका हुन् । आ-आफ्ना पद र वर्गअनुसार दुःख भोग गर्नुपर्ने हुन्छ । अर्को भाषामा जीवन संघर्षै संघर्षले भरेको हुन्छ । यसकारण माथिको जीवन जिउने आठ उपायमा लागेका मानिस कम दुःखी हुनेछन् ।

४) मानिस जन्मले होइन कामले ब्राह्मण हुने हो, सबै आ-आफ्नो पेशाअनुसार हुन्छ । ब्राह्मण त्यो हो जसलाई कुनै वस्तुमा अपनत्व हुँदैन अर्थात् लोभ, पाप र आशक्तिबाट मुक्त भएको हुन्छ ।

५) बुद्ध वचनअनुसार हिंसा, पशु हिंसा, ईश्वर र मोक्ष प्राप्त गर्न यज्ञ र कर्मकाण्ड, इन्द्र, वरुण, ब्रह्मा, शिव, यमराजा आदिलाई बोलाएर केही परिवर्तन हुनेछैन बरु काम, क्रोध, लोभलालच आदिमा नियन्त्रण गरी लोककल्याणको काममा लाग्नु नै उत्तम छ ।

६) बुद्ध अनेक दार्शनिक जटिलतामा अल्झिरहन इच्छा गर्दैनथे । इमानदारी र सच्चाईको जीवन जिउनेले सुखपूर्वक मृत्युवरण प्राप्त गर्ने छ - जसलाई विनापश्चाताप निर्वाण प्राप्त हुनेछ ।

बौद्ध-संघ (बुद्धम् शरणम् गच्छामी, संघम् शरणम् गच्छामी, धर्मं शरणम् गच्छामी)

आफू जन्मेहुर्केको गणराज्यको प्रभाव बुद्धमा प्रशस्त बाँकी थियो । आफ्नो गणराज्यको जीवनपद्धति जस्तै बुद्धले दर्शन वा धर्मको सङ्गठनलाई विकास गरे । त्यसमा नियम, सदाचार र कार्यशैलीको बन्दोबस्त गरे । भिक्षुहरूको संघ र सभाको बन्दोबस्त गरे अर्थात् त्यसलाई ७ नियममा व्यवस्थित गरे -

१) सबै एक साथ बसेर बैठकहरू गर्दै जानु ।

२) सबै एक भई काम गर्ने र संघको कामलाई पूरा गर्ने ।

३) संघको निर्णयलाई लागू गर्नु, संघले निर्णय नगरेको काम नगर्नु र पहिले बनाएका नियमहरू पालना गर्दै जानु ।

४) समाज, धर्म र संघका ज्येष्ठहरूको र प्रमुखहरूको आदर गर्नु, उहाँहरूको भनाईलाई सुन्नु र ध्यान दिनु ।

५) पछि पछि पनि काम वासना र तृष्णामा नपर्नु ।

६) वनको झुपडीहरूमा बस्नु ।

७) सदा संघमा रहनु र ब्रम्हचर्यमा रहनु ।

संघका नयाँ प्रस्तावको निर्णय गर्ने तरिका पनि छन् -

१) प्रत्येक प्रस्ताव तीनपटक दोहोऱ्याउनु ।

२) त्यसमाथि छलफल गर्नु ।

३) मतदानबाट निर्णय गर्नु ।

४) बैठक र निर्णयको निम्ति गणपूरक संख्या आवश्यक हुन्छ ।

५) बैठक राख्न २० भिक्षुहरूको उपस्थिति आवश्यक हुन्छ ।

भिक्षु संघले लोक कल्याणको निम्ति व्यक्तिगत जीवनबाट मुक्त र त्यागको भावना एवम् संयमित जीवनलाई कष्टसाध्य लागू गराउँछ । त्यही भावना र अनुशासनले गर्दा मगध साम्राज्यले प्राचीन संघ राज्यलाई ध्वस्त पार्यो भने बौद्ध संघले प्राचीन जनतन्त्र व्यवस्थालाई कायम राख्न सफलता प्राप्त गऱ्यो । एक अर्थमा बौद्ध संघ एकप्रकारको मगध राज्यको समानान्तरण शक्ति बन्यो ।

आजीवक सम्प्रदाय

हुने कुरो कसैले रोक्न सक्दैन, नहुने कुरा गर्नै सक्दैन र जो हुने छ भइ आछड्छ । सबै कुरा भाग्यमा लेखेको हुन्छ भन्ने विश्वास मान्ने एकथरि महावीर वर्धमान र गौतम बुद्धको समयमै एक नयाँ सम्प्रदायको रुपमा प्रादुर्भाव भयो - त्यसलाई आजीवक सम्प्रदाय भनिन्थ्यो । महावीरसँग फरक मत राखेर नयाँ बाटो र विचार बनाउने मखलिपुत्त गोसाल थिए । उनले आफ्नो प्रचार कार्यको केन्द्र श्रावस्तीलाई बनाएका थिए । चिसो पानी पिउनु, आफ्नै निम्ति तयार गरेको खानामात्र खानु र स्वास्नी मानिसहरूसँग नबस्नुजस्ता विषयसँग असहमत गोलालको आरामदायी र विलासी जीवनसँग कष्टसाध्य जीवन र तपस्याको महावीर वर्द्धमानको संघसँग मेल हुन सकेन । यसकारण यस अव्यवहारिक सम्प्रदाय समाप्त भयो । आजीवक सम्प्रदायको बारे अशोकको शिलापत्रहरूमा उल्लेख छ ।

धर्म सुधारबारे

ब्राह्मणवादी कर्म-काण्ड, विधि-विधान र अनेक यज्ञ यज्ञादि पशुबली, होम आदिले सम्पत्तिको नास, समाजमा देखिएको भेदभाव र कृषि, शिल्प व्यवसाय र व्यापारको विकासले समाजमा एक प्रकारको नयाँ चिन्तन देखिन थाल्यो ।

ब्राह्मणहरूमध्ये धेरै त्याग, तपस्या (अध्ययन-चिन्तन) र सात्विक (सरल र निरीह) जीवन छोडिसकेका थिए । त्यसकारण जनतामा तिनीहरूमाथि विश्वास घट्दै गयो । घरवार छोडी जनतामा प्रचार कार्य गर्ने जैन धर्म र बौद्ध भिक्षुहरूको कारण जनताले भिक्षुहरूलाई आदरसम्मान गर्न थाले ।

जैन र बौद्ध धर्मको तुलना

१) दुवै धर्मले शारीरिक र बौद्धिक काममा जोड दिन्छ । महावीर वर्द्धमान र बुद्ध दुवैले तपस्यामा जोड दिएका उदाहरण छन् ।

२) दुवै धर्मले वेदहरूको प्रभुत्वलाई अस्वीकार गऱ्यो, पशुवलीलाई पनि निन्दा गऱ्यो ।(यसकारण दुवै धर्मको अतिवादी ब्राह्मणवादी विचारसँग संघर्ष भयो ।)

जैन र बौद्ध धर्मको बेला फलामको प्रयोगमा वृद्धि भई कृषि अर्थतन्त्रको विकास भइसकेको थियो । दुवै धर्मले पशुलाई आफू समान व्यवहार गर्ने, कृषि कार्य पशुमा निर्भर रहने र राज्यले किसानलाई बीऊ-विजन, पशु र अन्य ज्यावल दिनुपर्छ भनी वकालत गर्थ्यो । त्यसैले सहरको विकास भयो, सहरले बन्द-व्यापारको पनि विकासमा सहयोग गर्यो । पशु अर्थात् गोरु विनाखेत जोत्न गाऱ्हो हुन्थ्यो र गाईको दुध, गोबर-गौमुत्रले मलको काम दिन्थ्यो ।

३) तर जैन धर्मले खेती-पाती गर्दा कीरा समेत नमार्ने शिक्षा दिन्थ्यो,(सम्भवत: गड्यौलाजस्तो मित्र किराको कारण होला ।)

बुद्ध धर्मले त्यो अहिंसाको कट्टरतामा आफूलाई बाँधेन ।

४) ब्राह्मणवाद गाउँले सभ्यताको प्रतिक भएको हुँदा सहरका व्यापारीलाई वैश्य तल्लो पेशाको भनी हेला गर्थ्यो । जैन र बौद्ध धर्म सहरमा विकास भएको हुँदा तयारी सामानको व्यापार गर्नेलाई प्रधानता दियो तथा समुद्रपारीको व्यापारलाई पनि मान्यता दियो । पश्चिमी भारतको समुद्री किनारमा समुद्री व्यापार हुन्थ्यो, सम्भवत: यसैकारणले जैन धर्मले त्यस ठाउँमा प्रभाव पाऱ्यो ।

५) अहिंसाको मामिलामा जैन धर्मभन्दा बौद्ध धर्म अति खुकुलो छ । तर तल्लो जातलाई हेला गर्नेबारे ब्राह्मणवादलाई दुवै धर्मले तर्कसङ्गत ढङ्गले निन्दा गर्थ्यो । सम्भवत: महावीर वर्द्धमान र गौतमबुद्ध दुवै क्षेत्रीय

परिवारबाट आएको हुँदा ब्राह्मणलाई दोस्रो दर्जामा राखिन्थ्यो । अछुत, तल्लो जात वा दलित जातिलाई, महिला र वेश्यालाई समेत आफ्नो संघमा राख्थे ।

६) तर दुवै धार्मिक केन्द्रले दास-दासी वा मालिकबाट मुक्ति पाइसकेपछि मात्रै आफ्नो संघमा प्रवेश दिन्थ्यो । यसको अर्थ हो - दुवै धर्मले सामाजिक सुधारमा बल दियो तर वर्ग र वर्गभेदलाई गौण सम्झ्यो ।

७) महावीर वर्धमान र गौतम बुद्ध वैश्य र सूद्र जातिमा जन्मिन सक्दैन भन्ने दृष्टिकोण पनि राख्थे । जैन गुरु नीच, स्वार्थी, अधर्म, बद्मास, गरिब, अभाव पीडित परिवार र ब्राह्मण परिवारमा जन्मदैन भन्ने विचार राख्थे ।

८) दुवै धर्मले छुवाछुटको विरोधमा आवश्यक जोड नदिंदा आजसम्म भारत र नेपालमा अस्तृश्यता बाँकी रहनुको कारण आलोचकहरू बताउँछन् ।

९) दुवै धर्मले दास, दासी, कर्मचारी र कामदारहरूलाई राम्रो व्यवहार र पालनपोषण गर्न भनिएकै कारण वा उदारताको कारण तल्लो जाति र तल्लो वर्गको जनता ती धर्ममा बढी छन् ।

गौतम बुद्ध (सिद्धार्थ) को जन्म ईपूर्व ५८६ मा शाक्य क्षेत्रि कूलको एक सानो गणराज्यमा जन्मेका थिए । उनका बुबा शाक्य गणका मुखिया थिए । उनकी आमाको नाम महामाया थियो । उनको विवाह यशोधरासँग भएको थियो ।

२९ वर्षको उमेरमा उनले कपाल खौरेर सन्यासी जीवन बिताउन लागे । उनले कहीं पनि ज्ञान प्राप्त गर्न सकेनन् । मुक्तिको कामना गर्दै उनले सन्यासको बाटो छाडी ध्यान (अध्ययन) को बाटो लिए । गयामा निरंजना (वर्तमान फल्गु) नदीको एक रुखको तल उनले ज्ञान प्राप्त गरे अर्थात् सत्यको एक सूत्रप्राप्त गरे । बनारसको नजिक सारनाथमा उनले पहिलो प्रवचन दिए ।

उनको त्यस प्रवचनले पहिला उनका पुराना ५ जना शिष्यहरू फेरि प्रभावित भई कठोर सन्यास मार्ग छोडे । उनको प्रवचनलाई 'धर्मचक्र प्रवर्तन' भनियो र त्यसैलाई बुद्धको बीजकेन्द्र या थेसिस मानिए ।

बुद्ध ४५ वर्षसम्म आफ्नो विचार प्रचारमा लागे । कोशांवीको पश्चिम उनी प्रचारमा गएको देखिन्न । पूर्वमा राजनीति र गया हुँदै गंगाको दक्षिणबाट मिर्जापुरको नजिक दक्षिणगिरीमा पनि यात्रा गरे ।

८० वर्षको उमेरमा उनको जीवनलीलाको अन्त भयो । भनिन्छ - एक विवेकहीन शिष्य चूँदसँग सुँगुरको मासु खाएर उनको मृत्यु भएको थियो ।

ई.पू. छैटौं शताब्दीमा गौतम बुद्धको धर्म प्रचार अरु धर्महरूभन्दा सबभन्दा बढी लोकप्रिय थियो ।

बुद्ध धर्मका ८ वटा बाटा

सम्यक दृष्टि

१) लोभ-मोहको कारण संसार सबैतिर दुःखै-दुःख छ ।

सम्यक संकल्प

२) लोभ पाप र मोहबाट मुक्ति पाएपछि सबैसँग प्रेम र खुशी जाग्नेछ ।

सम्यक वचन

३) साँचो बोल र सबैसँग मैत्रीभाव विकास गर ।

सम्यक कर्म

४) अरुलाई लाभ हुने अहिंसा र सदाचारमा रहनुपर्छ ।

सम्यक जीवन

५) जीवन निर्वाहमा कसैले पनि अपवित्र र भ्रष्ट उपाय प्रयोग नगर ।

सम्यक विचार

६) खराब विचारबाट मुक्ति पाउन सबैले मानसिक अभ्यास गर ।

सम्यक स्मृति

७) मावन शरीर अणुहरूले बनेको हो ।

सम्यक समाधि

८) शारीरिक बन्धन र मानसिक आशक्तिबाट उत्पन्न हुने खराबीहरूबाट टाढा रहनु

बुद्धका यी ८ वटा बाटो वा निर्देशन पालन गर्नेहरू जुनसुकै कुलमा जन्मेको भए पनि अन्तमा निर्वाण प्राप्त गर्नेछ र वा सुख र शान्तिपूर्वक मर्न पाउनेछन् ।

TOLSTOY AND BUDDHISM

Haris Chandra Lall Singh

Leo Tolstoy

Buddhism was and is a quest for many thinkers, scientists and literary luminaries. It is my impression that their effort to find a solution to the mounting problems of life and maintain an identity of their own amidst a jungle of chaos, confusion and crisis is guided by the mission to live a meaningful life. The essence of Buddhism lies in a quest to live a meaningful human life with an awakened mind and a compassionate heart beings detached from pains and pleasures that exist before all sentiment beings. Against the backdrop of the throes of human predicament, the never ending cycle of suffering and a never ending quest to escape from this predicament, it is but natural that mankind should turn to Gautam Buddha who has shown a path to solve those problems.

The psychology, the inner conflict, the struggle to escape from the troublesome life is common to the human beings, There are millions of people around the world who live the life similar to that Siddhartha Gautam. Even among the educated souls, there are people who are lost in the whirlpool of time, circumstance and the 'fever and fret' of the world. One of those high souls was Leo Tolstoy (1828-1910) the out hop of greatest novels War and Peace and Anna Karenina, numerous classic short stories and the champion of non-violence. I have chosen to write about Tolstoy as he was one of the great Buddhist thinkers the world has ever known. In 1884 he wrote, 'I read Buddhism-his (the Buddha's) teachings, It is marvellous..... But there is fault to keep oneself free from life. The Buddha did not protect himself. He saved the world, if it is not to save somebody, there would not be life.'

This great Russian writer who had irresistible longing for a detached and ascetic life since his childhood in the environment which was hostile to his interest and passion was greatly influenced by the teachings of the Buddha. In his attempt to find a way out of this hostile environment he turned to Buddhism. He wanted mental peace amidst his split personality. In Buddhism, he found an answer to his questions. The answer is hard work, non-attachment and renunciation.

Leo Tolstoy in his seventies was inclined to Indian philosophy and religion, a fashion among the Orientlists and intellectuals of Europe of that time. Romain Roland himself a great scholar wrote that Tolstoy was acquainted with a Buddhist lama as early as 1849 from whom he came to know the essence of ancient religions. In later years, when he was above 70 he

made a serious study of Buddhism and Indian philosophy. He was influenced by the Buddha's message of peace, love and the need of doing good to others. He was well acquainted with the rebellious spirits of Buddhism. Its emphasis on rejection of dogmatism and ritualism, the exploitation of Brahmanic priesthood in ancient India. Especially, the ides of Buddhist Karma giving importance to human dignity and the rejection of God as the final deliverer and maker of the destiny of man attracted Tolstoy.

Tolstoy's interest in Buddhism was revealed by the author of 'The image of India'. Jointly authored by G. Bongard-Levin & A. Vigasin, it mentions Tolstoy's friendship with great Russian Buddhist scholars and orientalists Minaeff and H.Oldenberg. The author also mentioned that Tolstoy had read the Mahayana text Lalitavistara and the book of E.Burnouf on the history of Indian Buddhism and a book by H.Oldenberg on the Buddha's life, teachings and the Buddhist sangha. He had read Edwin Arnold's The Light of Asia, Paul carus's Nirvana and Dhammapada was his favorite book. He used the latter in his writings. He also edited a book on Siddhartha Gautam.

These various influences brought massive changes in the life of the great Russian writer leading an easy and comfortable life with children totaling eleven and a wife after a life of debauchery common to the high class Russian nobility of that time and then to virtual renunciation. Writing about the changes in the life of Tolstoy in later part of his life. English storywriter and playwright Somerset Maugham says.

"It was a stupidity on Tolstoy's part to suppose that manual labour was nobler than mental labour and that he couldn't have found a more intelligent employment then to make boots, which he made badly and which the people to whom he gave them could not wear. He took to dressing like a peasant and become dirty and untidy.....He gave up hunting, to which he had been passionately addicted to, and so that animals should not be killed for the table became a vegetarian. For many years he had been a very moderate drinker, but now he became a total abstainer, and in the end, at the cost of bitter struggle, left off smoking." 1

Maugham, himself a great writer known for "his acid irony and brilliant wit", did indeed an investigative writing on Tolstoy in his book The World's Ten Greatest Novels. Maugham gave a very penetrating pen portrait of Tolstoy by describing the incidents of his achievements, his dreams and ideals, his married life, frustrations from the environment and above all from his wife, and the failure to adjust his life with the realities of the hostile environment based on autobiographical and biographical accounts of Tolstoy.

In fact, the life of Tolstoy was the life of struggle between dreams and realities. After realization of the futility of normal human existence, he started a school for improving the environment, wrote books and managed his estates. But when he was fifty all the change took place in his life. The dream of an isolated, renounced life haunted his mind. Grim realities detached and resulting from the poor response to his ideas, views and bitter experience of an uncompromising wife who "neither understood nor sympathised with her husband's altered outlook" led Tolstoy to lead a private and simple life unaffected even by the increasing popularity and success.

Maugham has made a very apt remark when he wrote.

"Almost from his youth up Tolstoy had the desire to leave the world, with its turmoil

and trouble, and retire to some place where he could devote himself in solitude to self-perfection; and like many another author he lent his own longing to the characters in his novels, Pierre in War and Peace, Levin In Anna Karenina, into whom he put most of himself."2

In this classic writing Maugham quoted one of Tolstoy's disciples asking him 'to abandon his estate, give his property to his relations and the poor. Leave himself without a kopek (Russian currency) and go as a mendicant from town to town." Tolstoy wrote in reply: "Your letter has profoundly moved me. What you advise me has been my sacred dream, but up to this time I have soon unable to do it. There are many reasons."

After years of living with divided or split personality Tolstoy finally renounced his home and environment and died a dreamer.

There are a lot of differences in the life of the Buddha and Tolstoy, It is not my intention to compare it. But it is definitely true that it was the life of Buddha and his teachings which brought changes in the aristocratic life of Tolstoy thus taking him to paths of greatness and glory through the contribution in the field of literature and world peace. According to Alexander Shifman Tolstyo, in his writings, portrays the Buddha as an ordinary individual who thinks about the evils of modern times and tries to drive them away. According to Shifman Tolstyo summaries the teachings of the Buddha in the following words:

'That which is physical is temporary and is bound to destruction. So long as man is bound to body, he is subject to misery, extinction and death. How to liberate from misery and death? Whenever soul is tied to body, he likes to live, but misery follows due to unfulfilled desires and fear of death. Therefore, It is necessary to put an end to evil desire.'3

I have not read much of Tolstoy. But whatever I had read, mainly War and Peace and some stories, I have the impression that there is spirituality in his writings. The world and ethical code of Buddhism is in conformity with Tolstoy's own views and convictions. His story 'The Three Questions' giving emphasis on the importance of the present time, the right action done in the present time of life and the man you served in the present time and also the practical demonstration of the same to the king by the hermit has a serious spiritual touch in it, which is very much Buddhistic in spirit.

Reference:

1. Maugham, W.Somerset, The World's Ten Greasts Novels. 2nd Print, 1959.
2. Ibid.
3. 3 Shifman, Alexander, 1969. Tolstoy and India. Hindi Translation by Prabhaker Machewe and English translation by A.v. Esaulov. New Delhi: Sahitya Academy 1982.

क्रिसमस हम्फ्रे

✍ रत्नसुन्दर शाक्य

रत्नसुन्दर शाक्य

युरोपमा विशेषत: इङ्गलैण्डमा बुद्धधर्म प्रचार प्रसार गर्नमा अग्रगण्य स्थानको रुपमा रहेको संस्था नै 'The Buddhist Society of London' थियो । य स संस्था अहिलेसम्म पनि एक प्रमुख संस्थाको रुपमा एवं गतिशील हुनुको मुख्य कारण यस संस्थाका संस्थापक महोदयको जीवनभर सम्मनको त्याग र तपस्या थियो । उहाँ हुनुहुन्छ क्रिसमस हम्फ्रे (Christmas Humphre) ।

उहाँको जन्म एक जज (Judge) को पुत्रको रुपमा सन् १९०१ मा लण्डनमा भएको थियो । उहाँ पनि आफ्नो अध्ययन पश्चात् शुरुमा वकिल (Barrister) हुनुभयो । सन् १९६८ देखि उहाँ पनि न्यायधीस (Judge) को रुमा नियुक्त हुनुभएको थियो । जुन पदमा उहाँ अवकाश (Retire) नभएसम्म (सन् १९७६) रहनुभयो ।

१७ वर्षको उमेरमा बुद्ध धर्मसम्बन्धी फ्रान्सिस पायने (Francis Payne) ले दिनुभएको व्याख्यान र आनन्दकुमार स्वामी 'Buddha and the Gospel of Buddhism' भन्ने ग्रन्थको अध्ययनपश्चात् बुद्ध धर्ममा प्रभावित हुनुभएका क्रिसमस हम्फ्रेले (Christmas Humphre) बुद्ध धर्म प्रचारार्थ आफूले पनि एउटा संस्था १९ नवेम्बर १९२४ का दिन स्थापना गर्नुभयो । शुरुमा संस्थाको नाम 'The Buddhist Logde' राखिएको थियो । यस संस्था स्थापना गर्नु अगाडि देखि क्रिसमस हम्फ्रे (Christmas Humphre) र लण्डनस्थित 'Theosophical Society' का एक सदस्य हुँदै आइरहेको थियो अत: उहाँले यस संस्था (The Buddhist Lodge) 'थियोसोफिकल सोसाइटी' को एक शाखाको रुपमा स्थापना गरेको थियो ।

सन् १९२६ मा 'The Buddhist Lodge' थियोसोफिकल सोसाइटीबाट अलग्ग भयो । त्यस वर्ष देखि नै ए.सी. मार्च (A.C. March) को सम्पादकत्वमा 'Buddhism in England' नामक एक मासिक पत्रिकाको पनि प्रकाशन कार्य शुरु गर्नुभयो । पछि यसको सम्पादक स्वयम् क्रिसमस हम्फ्रे (Christmas Humphre) हुनभएको थियो । सन् १९३२ मा भिक्षु राहुल सांकृत्यायन र आनन्द कौशल्यायन लण्डन (इङ्गलैण्ड) मा धर्मप्रचारार्थ जानुभएको बेला क्रिसमस हम्फ्रे (Christmas Humphre) तथा उहाँको सभाले विशेष स्वागत गरेको थियो ।

१५ अक्टोबर १९३२ का दिन भिक्षु राहुल सांकृत्यायनले आफूले तिब्बत (पहिलो तिब्बत यात्रा सन् १९२९-३० बाट ल्याएका सारा चित्रपट (Thanka) हरू लण्डनस्थित 'बुद्धविहार' मा प्रदर्शन गर्नुभएको थियो जुन प्रदर्शनीको उद्घाटन क्रिसमस हम्फ्रेले (Christ-

mas Humphre) गर्नुभएको थियो ।

इङ्गलैण्डमा बुद्ध धर्म प्रचार प्रसार गर्नको निमित्त सिर्फ क्रिसमस हम्फ्रेले (Christmas Humphre) मात्र सक्रिय हुनुभएको थिएन उहाँकी धर्मपत्नी पनि त्यतिकै उत्साहित थिइन् ।

सन् १९४३ मा 'The Buddhist Lodge' The Buddhist Society of London' को रुपमा परिणत भयो । यसै वर्षदेखि The Buddhist Lodge ले प्रकाशन गर्दै आएको 'Buddhism in Englan' भन्ने मासिक पत्रिकालाई पनि 'The Middle Way' को रुपमा परिणत गरी प्रकाशित गर्दै लानुभएको थियो ।

'The Buddhist Society Of London' भएको केही वर्षपछि त्यस संस्थाले लण्डनमा सम्पूर्ण बुद्धधर्मालम्बीहरू सम्मिलित भई वैशाखपूर्णिमाका दिन 'क्रिसमस' (क्रिश्चियनहरूको पवित्र दिन) को बराबरीमा धूमधामका साथ उत्सव मनाउँदै आएको थियो । यसो गर्नको निमित्त यस सभाले आफ्नै एक विहारको पनि निमार्ण गरिसकेको थियो, जुन विहार हिदे पार्क (Hyde Park) को उत्तरतर्फ लायन्चेस्टरद्वार (Lancahster Gate) नामक स्थानमा अवस्थित थियो । यस सभाले एउटा बौद्ध पुस्तकालयको पनि स्थापना गरिसकेको थियो ।

सन् १९४६ मा 'लण्डन बौद्ध संघ' (Buddhist Society of London) का अध्यक्ष क्रिसमस हम्फ्रेले दक्षिण पूर्वका (सुदुर पूर्वीय) धेरै जसो बौद्ध राष्ट्रहरूमा भ्रमण गर्नुभएको थियो । यी राष्ट्रहरूमा भ्रमण गर्नु भन्दा अगाडि सन् १९४५ मा उहाँले त्यस्ता १२ वटा बौद्ध सिद्धान्तहरूको प्रतिपादन गर्नुभएको थियो, जसलाई सम्पूर्ण बौद्धधर्मालम्बीहरूले स्वीकार गर्दै आएका छन् ।

'Twelve Principles of Buddhism' को रुपमा प्रकाशित भएको उहाँका ती विचारधारा (वाद) लाई तत्कालै १४ वटा भाषामा अनुवाद भई प्रकाशित भएको थियो ।

१९ डिसेम्बर १९४९ का दिन 'The Buddhist Lodge वा Buddhist Society of London' ले रजतजयन्ती (Silver Jubilee) वडो धूमधामका साथ लण्डनमा सम्पन्न भएको थियो । यस खुशीयालीमा लण्डनस्थित थाई राजदूतले 'लण्डन बौद्ध संघ' लाई एक भव्य बुद्धमूर्ति प्रदान गरेको थियो ।

स्मरणीय छ, क्रिसमस हम्फ्रेले The Buddhist Lodge स्थापना गर्नु (१९ नोभेम्बर १९२४) भन्दा १८ वर्ष अगाडि आर.जे जायक्सन (R.J.Jackson) र आई. आर. पायने (I.R.Paine) नामका दुई जना वर्मामा सैनिक जीवना विताएर आइसकेका) व्यक्तिले 'Buddhist Society of England' नामले सन् १९०६ मा एउटा संस्था खोलिसकेका थिए । सन् १९०५ मा उहाँहरू दुबैजना मिली ब्ल्यूम्सवरी (Bloomsbury) स्थित Bury Street मा बौद्ध साहित्यसम्बन्धी एउटा पसल पनि खोल्नुभएको थियो ।

यो खबर वर्माका पुग्नासाथ, वर्माका बुद्धधर्म अध्ययन गर्दै रहनुभएका अंग्रेज भिक्षु आनन्द मेत्तेय्य (सन् १९०२ मा उपसम्पन्न) र अन्य एक अंग्रेज जे. एफ. एम. केख्नी (J.F.M Kehnie) विशेष प्रसन्न भई उहाँहरूले पनि रंगुनमा 'Buddhism' नामक एक त्रैमासिक पत्रिका प्रकाशित गरी इङ्गलैण्ड पठाउँदै गरे ।

यसरी वर्मामा रहेका भिक्षु आनन्द मेत्तेय्य (सन् १८७२-१९२३) र जे.एफ.एम केख्नी (जो पछि भिक्षु शीलाचार-सन् १९०६ मा भिक्षु ञानातिलोकद्वारा प्रव्रजित) को विशेष मद्दत एवं सल्लाहद्वारा 'Buddhist Society of London' लाई 'The Buddhist Society of Great Britain and Ireland' को रुपमा पुनर्गठन भएको थियो । २६ नोभेम्बर १९०७ का दिन पुनर्गठन भएको यस संस्थाको अध्यक्ष प्रो. रीस डाय्विड्स (सन् १८४३-१९२२) नियुक्त हुनुभएको थियो ।

जब २३ अप्रिल १९०८ का दिन प्रथम धर्मदूत मण्डलको नेतृत्व गरी (आफ्नै देशमा) भिक्षु आनन्द मेत्तेय्य इङ्गलैण्ड पुग्नुभयो, तब उहाँले प्रचार प्रसारको प्रथम माध्यमको रुपमा 'The Buddhist Review' नामक पत्रिका आफ्नै सम्पादनमा प्रकाशन शुरु गर्नुभयो ।

यसको अतिरिक्त उहाँले प्रत्येक हप्ता आफ्नो

व्याख्यान दिनुहुन्थ्यो । विभिन्न क्लवहरूमा पनि निमन्त्रित भई उहाँको व्याख्यानको निमित्त जानुहुन्थ्यो ।

यसरी इङ्गलैण्डमा, विशेषत: लण्डनवासीहरूलाई आफ्नै देशका एक बुद्धपुत्र (बौद्ध भिक्षु) द्वारा बुद्धधर्मको ज्ञान हासिल गर्ने मौका प्राप्त भएको थियो । उहाँको उपदेशद्वारा तिनीहरूले थाहा पाए कि प्रत्येक मानवको सुख दु:ख कुनै ईश्वरीय देन होइन न त मानवलाई कुनै ईश्वरले (संसार सृष्टिकर्ता मानिने) को विश्वास नै आवश्यकता थियो । मानव आफ्नो स्वामी आफै हुन् । मानवको दु:ख मुक्ति एवं शान्ति कुनै काल्पनिक देवतालाई पूजा गरेर पाउने होइन, त्यो त आफैले प्रयत्न गरी आर्य-मार्ग (आर्य अष्टांगिक मार्ग मध्यम मार्ग) अनुसार आचरण गरेर मात्र पाउन सकिन्छ ।

यसरी भौतिकवाद चरम सीमामा पुगेको देशका वासिन्दाहरूलाई बुद्धको आध्यात्मिक ज्ञान दिलाई धर्मबोध गर्न भिक्षु आनन्द मेत्तेय्य (गृहस्थको नाम-आलन् बेनेट (Allan Bennett) सफल हुनुभएको थियो ।

तर अफसोच ! लण्डनवासीहरूले उहाँसित दुई दशक नै सम्पर्क (सम्बन्ध) राख्न नपाउँदै पित्तरोग (Gall –Stone) एवं दमको शिकार हुनाको कारण क्यालिफोर्निया (Califrnia) मा गएर स्वास्थ्योपचार गर्दा गर्दै पनि निको हुन नसकी ९ मार्च १९२३ का दिन उहाँले सदाको निमित्त यस संसार छोडेर जानुभयो ।

उहाँको निधनले इङ्गलैण्डमा बौद्ध आन्दोलनमाथि ठूलो धक्का पर्न गयो, यद्यपि आर.जे. जाय्क्सन (R.J.Jackson) को संगत (मित्रता) मा रही फ्रान्सिस पायने (Francis Payne) नामक एक अंग्रेज जो पहिले इशाई धर्मका प्रचारक थिए, पछि बुद्ध धर्म र संघ (त्रि-रत्न) माथि अटल श्रद्धा राखी बुद्ध-धर्म प्रचारार्थ आफ्ना सम्पूर्ण जीवन अर्पण गर्नुभएको थियो । उहाँले 'The Buddhist Lodge' स्थापना हुनु अगाडि सम्ममा बुद्धधर्म सम्बन्धी ३६ वटा व्याख्यान दिइसक्नु भएको थियो ।

माथि उल्लेख गरिनै सके कि क्रिसमस हम्फ्रेले (Christmas Humphre) पायनेको व्याख्यान र आनन्दकुमार स्वामीको 'Buddha and the Gosepal of Buddhism' भन्ने ग्रन्थको अध्ययनबाट प्रभावित हुनुभएको थियो ।

सन् १९४९ मा 'लण्डन बौद्ध संघ' को रजतजयन्ती मनाएको वर्ष दिनपछि श्रीलंकामा सन् १९५० मा बौद्धविद्वान प्रो.जी.पी. मलालशेखर (Prof.G.P. Malalesekera) ले 'विश्व बौद्ध भातृत्व संघ' (The World Fellowship of Buddhists) को स्थापना गर्नुभएको थियो । यस संघले शुरुमा २-२ वर्षको फरक गरी 'विश्व बौद्ध सम्मेलन' सम्पन्न गर्दै आएको थियो ।

यस अन्तर्गत 'चतुर्थ विश्व बौद्ध सम्मेलन' नेपालमा सम्पन्न भएको थियो । सन् १९५६ को १५ नोभेम्बरदेखि २१ नोभेम्बरसम्म सम्पन्न भएको त्यस सम्मेलन (चतुर्थ) मा पनि क्रिसमस हम्फ्रेले (Christmas Humphre) ले नै इङ्गलैण्डको नेतृत्व गरि आउनुभएको थियो ।

क्रिसमस हम्फ्रेले (Christmas Humphre) एवं उहाँको सभाले इङ्गलैण्डमा बुद्धधर्म प्रचारार्थ श्रीलंका, बर्मा, एवं भारतका सुप्रसिद्ध बौद्ध विद्वानहरूलाई निम्त्याई बरोबर धर्मोपदेश (व्याख्यान) को कार्यक्रम पनि गराउँदै आएको थियो । विशेषत: उहाँहरूमा श्रीलंकाका भिक्षु वजिरानन्द, भिक्षु नारद महास्थविर, वर्माका ऊ, थितिल, भारतका भदन्त आनन्द कौशल्यायन प्रमुख थिए ।

यसको अतिरिक्त यस संस्थाले 'महाबोधि सभा' का संस्थापक अनगारिक धर्मपाल (सन् १८६४-१९३३) लाई स्वागत गर्नुको साथै सन् १९२७ देखि नै बुद्धधर्मको प्रचार-प्रसार पनि गराउँदै आएको थियो ।

सन् १९४८ मा, तिब्बतको एक वाणिज्य (व्यापार) प्रतिनिधिमण्डल इङ्गलैण्ड आएको थियो । तिनीहरूले लण्डन बौद्ध संघसित सम्पर्क राखी बुद्धधर्मको प्रचार-प्रसारमा साथ दिने इच्छाले एक 'Tibet Society' समेत खोली ल्हासासित सम्पर्क गराएको थियो । सन् १९६२ मा क्रिसमस हम्फ्रेले (Christmas Humphre) 'तिब्बत सोसाइटी' को उपाध्यक्ष नियुक्त हुनुभएको थियो ।

यसरी युरोपमा विशेषत: इङ्गलैण्डमा बुद्धधर्म

प्रचारार्थ आफ्नो सम्पूर्ण जीवन धर्मकै निमित्त अपर्ण गर्नु भएका क्रिसमस हम्फ्रेले (Christmas Humphre) झण्डै छ दशकसम्म 'लण्डन बौद्ध संघ' लाई हरतरहले सक्रिय, गतिशील एवं अग्रगण्य संगठन बनाउनको साथै बुद्धधर्म प्रचार-प्रसारको निमित्त कयौं ग्रन्थहरूको पनि रचना एवं प्रकाशन गरी १३ अप्रिल १९८३ का दिन ८३ वर्षकै उमेरमा यस संसारबाट बिदा हुनुभयो।

उहाँको प्रमुख कृतिहरू:

1) Buddhism
2) Zen Buddhism
3) Exploring Buddhism
4) The Wisdom of Buddhism
5) Karma and Rebirth
6) Walk on !
8) Zen Comes West
9) Zen a Way of Life
10) Thus Have I Heard
11) The Way of Action
12) Studies in the Middle Way
13) A Western Approach to Zen
14) Buddhists Students Manual
15) Popular Buddhist Dictionary
16) Concentration and Meditaion
17) Sixty years of Buddhism in England

सन्दर्भ

१. Buddhism - Christmas humphreys
Penguin Books Ltd.
England-1951 (1st Edition)

२. विश्व बुद्धधर्म भाग ४ - भिक्षु सुदर्शन
चन्द्रवीर सिंह कंसाकार
पुतली सडक, काठमाडौं २५८१ बुं.सं.

३. मेरो युरोप यात्रा
राहुल सांकृत्यायन
किताब महल, इलाहावाद १९३२

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री महामञ्जुश्री गुरू गुठी संस्था
चाँगुनारायण नपा-७, महामण्डप, थाकलमाठ

श्री महामञ्जुश्री ज्यास:पस
भक्तपुर नपा ७, इनाचो टोल

श्री महामञ्जुश्री ज्यास:पस, इनाचोद्वारा प्रवर्द्धीत पर्यटन मिनिमार्टमा स्तरीय, उचित मूल्य दरका साथै न्यून मूल्य दरका पसल कबलहरू तथा पहिलो फ्लायट (करिब १००० स्क्वा.फि.) को व्यवसाय सञ्चालनका लागि उपर्युक्त ठाउँहरूको अग्रीम बुकिङ्ग खुल्ला छ ।

विशेषताहरू

१) सोलार बत्तीयुक्त हुने । २) इन्टरनेट लाईन कनेक्सन हुने । ३) रात्री तथा दिवा सुरक्षा गार्ड हुने
४) बाहिरी बाटोको CCTV बाट निगरानी हुने । ५) दैनिक दुइपटक बाटोको सफाइ हुने ।
६) एकैपटक १० वटासम्मको बाईक पार्किङ्ग क्षमता हुने । ७) पर्याप्त पानी आपूर्ति हुने ।

सम्पर्कको लागि: पद्मसुन्दर शाक्य, मो.नं. ९८४१५९०३४४

सहकारी मान्यता प्राप्त परियत्ति शिक्षाको खाँचो

◆ गंगा गोसाईं, मैत्रेय युवा संघ, भक्तपुर

गंगा गोसाई

भगवान बुद्धले मौलिक रुपमा प्रचार प्रसार गर्नुभएको बोधिचनका कुराहरूलाई पछि विवाद नहोस् भनी वहाँका शिष्य भिक्षुहरूले वहाँको महापरिनिर्वाण पश्चात् पटक पटक संगायन गरी श्रीलंकामा चौठौं संगायनमा लिपिबद्ध गरे । सोही लिपिबद्ध गरेको शिक्षा नै परियत्ति शिक्षा हो । बुद्ध जन्मभूमि नेपालमा अन्य एशियाली बौद्ध देशहरूमा जस्तै बुद्ध देशहरूमा जस्तै बुद्धधर्म अध्ययन गर्ने कुनै व्यवस्था नहुँदा नेपाली बौद्ध भिक्षु श्रामणेर, अनागरिकहरू विदेशमा दु:ख, कष्ट भोगी अध्ययन गर्न बाध्य भए । सोही समस्याको समाधान गर्न आवश्यकता महसुस भयो । यही आवश्यकता पूरा गर्न पाठ्यक्रम हेरी नेपालमा भएका बुद्धधर्म सम्बन्धी पुस्तकहरूको आधारमा बौद्ध परियत्ति शिक्षाको विकास गर्न बुद्धघोष महास्थविरको ६४ वर्ष लागेको शुभ जन्मोत्सवको उपलक्ष्यमा प्रारम्भ भयो । सो दिनदेखि नेपाल अधिराज्यमा भएका सबै केन्द्रहरूमा बिहानको ८:४५ बजे ने. बौ. परियत्ति शिक्षाको अध्ययन औपचारिक रुपमा प्रारम्भ गरियो । उक्त समाचार रेडियो नेपालबाट पनि त्यही समयमा प्रसारण गरिएको थियो । सुरुमा सद्धम्म पालक उपाधिसम्म मात्र अध्ययन गरिने ने.बौ. परियत्ति शिक्षा पछि गएर सद्धम्म पालक उत्तीर्ण धर्म रत्न शिक्षा प्रारम्भ गरियो । त्यसलाई संस्थागत गर्न भिक्षु सुदर्शनको पनि स्मरण योग्य छ ।

बुद्धको जन्मभूमि नेपालमा सरकारी शिक्षाको स्तर नै राम्रो भएको देखिदैन भने झन् परियत्ति शिक्षाको के कुरा । सरकारी शिक्षाहरू मात्र सैद्धान्तिक शिक्षामा आधारित छन् । यसमा न त नैतिक शिक्षा छ न त व्यवहारिक शिक्षामा नै । सरकारी शिक्षाहरू मात्र डिग्री लिन आवश्यक छ । यो त हात्तीको देखाउने दाँत मात्र भो । यसले न त मानिसलाई नैतिकता सिकाउँछ न त व्यवहारिक बनाउँछ । मानिसमा नैतिकता र व्यवहारिकता भएन भने त्यसले जतिसुकै डिग्री हासिल गरे पनि त्यो मानिस कहिल्यै आफ्नो जीवनमा सफल भई अगाडि बढ्न सक्दैन । सरकारी शिक्षाहरू किताबी ज्ञानमा मात्र सिमित छन् । यसले गर्दा मानिसहरू शिक्षाअनुसारको जागिरले पाउन सकेका छैनन् जसले गर्दा थुप्रै युवापिढिहरू विदेशिएका छन् । कति त शिक्षाअनुरुप काम नपाएकाले मानसिक सन्तुलन पनि गुमाउन पुगेका छन् । सरकारी शिक्षाको प्रणाली पनि मिलेको छैन हाम्रो देशमा । यसले गर्दा पनि विभिन्न समस्याहरू आइपरेका छन् । सरकारी शिक्षामा सैद्धान्तिक शिक्षाका साथसाथै नैतिक र व्यवहारिक शिक्षा आइदिए सुनमा सुगन्ध हुने थियो । यसको लागि सरकारी मान्यता प्राप्त परियत्ति शिक्षाको खाँचो छ ।

अहिलेका विद्यार्थीहरूमा नैतिकताको अभाव भएको देखिन्छ यसको मूल कारण नै सरकारी शिक्षामा नैतिक शिक्षाको अभाव हो । सरकारी शिक्षामा नैतिक, सैद्धान्तिक र व्यवहारिक ज्ञानहरू भइदिए देश विकास हुन समय लाग्दैन । जतिसुकै ठूलो ओहदामा रहेका

व्यक्तिहरूलाई पनि नैतिक शिक्षाको आवश्यक परेको हुन्छ भने झन् विद्यार्थीहरू त भविष्यका कर्णधार हुन् उनीहरूलाई त झन् आवश्यक छ। अत: सरकारले नै स्कूल स्कूलहरूमा परियत्ति शिक्षा राखिदियो भने विद्यार्थीहरूमा नैतिक शिक्षाको अभाव हुँदैन। विद्यार्थीहरूमा नैतिक शिक्षा भएको खण्डमा देशको विकासक्रम पनि छिट्टै बढेर जान्छ। अहिले नैतिक शिक्षाको व्यवस्था नभएकोले देशमा भ्रष्टाचार, अनियमितता, आदि इत्यादि बढिरहेको छ। नेताहरूमा पनि नैतिकता नभएको कारणले देशको विकास हुन सकेको छैन। देशको राजनीतिक स्थिति नराम्रो भएकोले नै हाम्रो देशमा सबै भताभुङ्ग छन्। सबै पाटोलाई राम्रो बनाउने नै राजनीतिक पक्ष हो। राजनीतिलाई परियत्ति शिक्षाले नैतिक बनाउँछ।

बुद्ध धर्मको प्रचार प्रसार गर्ने अवसरहरू अहिले थुप्रै छन्। बुद्ध धर्मको प्रचार प्रसारको लागि अहिले नेपालमा नयाँ पूर्वाधारहरू खडा गर्ने कार्य भएको छ। विषेश रुपले परियत्ति शिक्षाको स्थापना बौद्ध संघ संस्थाहरूको स्थापना, बुद्ध शिक्षामा उच्च अध्ययनको लागि विश्वविद्यालयको स्थापना, ध्यानकेन्द्रहरूको बिस्तार, जनजातिहरूबाट धर्मप्रति देखाएको लगाव, सञ्चार माध्यम, इन्टरनेटमा भएको सहजता आदिलाई अवसरको रुपमा लिन सकिन्छ। धर्मको बारेमा जानकारी प्राप्त गर्न तथा गहन अध्ययनको लागि भिक्षु, अनागरिका, उपासक तथा उपासिकाहरूद्वारा अनुवाद गरिएका मूल साहित्यहरू नेपाली तथा नेपालभाषामा प्रकाशित भएका छन्। यस्ता अवसरहरू हुँदा हुँदैपनि बुद्ध जन्मभूमि नेपालमा बुद्ध धर्मसम्बन्धी प्रचार प्रसारहरू कम छन्। कतिपय शिक्षक शिक्षिकाहरू समेत अनविज्ञ छन् यस विषयबारे। शिक्षाको ज्योति फैलाउने व्यक्ति स्वयम् अनविज्ञ भएपछि अरुले कसरी थाहा पाउने। यसैले पनि थाहा हुन्छ कि हाम्रो शिक्षा कति कमजोर छ भनेर।

कुनै पनि धर्मलाई जीवन्त राख्न सैद्धान्तिक शिक्षा मात्र अपरिपूर्ण छ भन्ने कुरा भगवान् बुद्धले विभिन्न सुत्रहरूमार्फत व्यक्त गर्नुभएको छ। अहिले स्कूल स्कूलमा बुद्ध शिक्षा पाठ्यक्रमको रुपमा राखिएको छैन। यसले गर्दा बुद्ध धर्म प्रचार प्रसारमा कमी आएको छ। यदि सरकारले मान्यता दिई स्कूल स्कूलहरूमा राखी दिएको खण्डमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दुवै पाउँछन् विद्यार्थीहरूले। आजको कोपिला भोलिको सुन्दर फूल बनी फक्रिने जस्तै आजको कलिला विद्यार्थीहरूका हातले भोलि नयाँ नेपालको नक्सा कोर्नेछन्। बुद्धको शिक्षालाई धर्मको नाममा होइन कि एक नैतिक शिक्षाको रुपमा हाल्दा उचित होला। सरकारी पक्ष कमजोर भएपछि सबै पक्ष नै डामाडोल हुन्छ। अहिले पनि सरकारी तथा गैरसरकारी संस्थामा बौद्ध भावना भएकाहरूको कमी छ।

यदाकदा बौद्ध भावना भएका व्यक्तिहरूलाई सरकारी वा गैरसरकारी संस्थामा नियुक्ति गरेता पनि धेरैजसो बौद्ध भावना भएका व्यक्तिलाई संस्था सञ्चालन गर्न लगाई राजनैतिक स्वार्थ पूर्ति गर्छन्। हाल हुन गइरहेको ल्हासापाक्कको मञ्जुश्रीलाई जबरजस्ती सरस्वती मन्दिरको रुपमा परिणत गर्न कोशिस गर्नु र त्यसमा सरकार मौन रहनु र सुर्खेतको काँक्रे विहारमा बुद्ध मूर्ति स्थापना गर्न लाग्दा बुद्ध मूर्तिको अपमान हुँदा पनि सरकार कमजोर हुनु यसका उदाहरण हुन्। यस्ता चुनौतिहरू हटाउन पनि परियत्ति शिक्षा अथवा बुद्धको शिक्षालाई सरकारी मान्यता दिन जरुरी छ। बुद्ध जन्मभूमि नेपालमा उहाँको उपदेश पढ्ने र पढाउने व्यवस्था एक अत्यावश्यक विषयवस्तु हो। यो एक आवश्यकता मात्र नभई सम्पूर्ण नेपालीहरूको र सरकारको कर्तव्य पनि हो। मन्त्र, धारणी र कथाको शिक्षा मात्रै परम्परागत रुपले पढ्ने पढाउने हुँदै आइरहेको छ। भन्तेहरूको तर्फबाट धर्म उपदेश भयो, सुन्यो र सकियो यतिकैमा सिमित भइरहेको छ। बुद्ध धर्मको शिक्षा कसले कति बुझेको छ भनेर स्वम् आफैलाई समेत थाहा छैन।

परियत्ति शिक्षालाई मान्यता दिनु सरकारको प्रमुख दायित्व रहेको छ। यदि परियत्ति शिक्षालाई मान्यता

दिइएको खण्डमा अहिले देशमा जतिपनि भ्रष्टाचार, घुसखोरी, लुटपाट, हत्या, हिंसा भइरहेको छ त्यो कम हुने सम्भावना प्रवल छ । जसरी कमलो माटोलाई जुनसुकै पनि आकारको भाँडो बनाउन सकिन्छ त्यसरी एक कलिलो मस्तिष्क भएको विद्यार्थीहरूलाई नैतिक शिक्षा दिएको खण्डमा अवश्य पनि ऊ भोलि एक सबल नेपाली नागरिक बन्ने छ । परियत्ति शिक्षाले भित्री मनलाई शक्ति प्रदान गर्छ र आध्यात्मिक शान्ति प्रदान गरेर मनलाई जुनसुकै समस्या आउँदा पनि त्यो सबै समाधान गर्न सक्ने क्षमता प्रदान गर्छ । नैतिकताविहीन व्यक्ति जतिसुकै पढेता पनि उसले भविष्यमा सफलता पाउन सक्दैन । आज नेताहरूमा पनि नैतिकताको अभाव भएकोले देशमा विभिन्न समस्याहरू आइपरेका छन् । परियत्ति शिक्षाले मानिसलाई मानिस भई जीउने कला सिकाउँछ जुन अत्यन्त महत्त्वपूर्ण छ तर हाम्रो नेताहरूमा यो चित्त अभाव छ ।

परियत्ति शिक्षा नै किन आवश्यक छ ? किनभने परियत्ति शिक्षामा मानिसलाई नभई नहुने चर्तुआर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग, गृही विनय, धम्मपद जस्ता कुराको ज्ञान पाइन्छ । यस्ता ज्ञानहरू केवल बौद्धलाई मात्र होइन सबै धर्मका मानव जातिलाई आवश्यक छ । यसले राग, द्वेष र मोह जस्ता मैलहरू हटाउन बाटो देखाई जीवन शान्तिमय र सुखमय बनाउँछ । मानव जीवनलाई विकास गर्न चाहिने ज्ञानहरू दिइने शिक्षालाई नै अहिलेसम्म सरकारी मान्यता प्रदान नगर्नु त धेरै लाजमर्दो कुरा भो त्यो पनि बुद्ध जन्मभूमि नेपालमा । सरकारी मान्यता प्राप्त परियत्ति शिक्षाको खाँचो अहिलेको २१ औं शताब्दीमा धेरै नै छ । यसले सम्पूर्ण मानव जातिको लागि उपयोगी ज्ञानहरू दिइने भएकोले सरकारी मान्यता प्राप्त भएको खण्डमा देश विकास हुन धेरै समय लाग्दैन ।

सरकारी उदासीनताका कारण पनि बुद्ध धर्म प्रचार प्रसारमा असर परेको छ । यो एक चुनौतीको रुपमा रहेको छ । लिच्छविकालमा बुद्ध धर्मसम्बन्धी महत्त्वपूर्ण कार्यहरू भएता पनि मल्लकाल र त्यसपछि बुद्ध धर्म तथा बौद्ध धर्मालम्बीप्रति भेदभाव तथा दमनको नीति अपनाएको इतिहास छ । एवं प्रजातन्त्र र गणतन्त्रको अवस्था पछि पनि सरकारी नीति निर्माणमा बुद्ध धर्म प्रवर्द्धन हुने खालको कार्यक्रमलाई कम महत्त्व दिइरहेको छ । सरकारी तथा गैरसरकारी संस्थाहरूमा पनि बौद्ध भावना भएकाहरूको कमी छ । बौद्ध स्थलहरूको विकासमा ध्यान नदिने मात्र होइन त्यस्ता स्थलहरूलाई गैर बौद्ध स्थलमा परिणत गर्ने कार्यमा लाग्नेहरू प्रति सरकार मुकदर्शक भइरहनु पनि बौद्धहरूको लागि ठूलो चुनौती हो । बहुसंस्कृति भएको देश नेपाललाई एकल संस्कृतिको हालिमुहालि गरी विद्यमान अरु संस्कृतिप्रति असहिष्णु प्रवित्ति रहेको छ । बौद्ध उत्सव तथा पर्वमा सञ्चार माध्यम थाहा नपाए जस्तो बस्तु तर गैर बौद्ध पर्व जस्तै बडा दशैं, तीज आदि विभिन्न चाड पर्वहरूको बारेमा ध्वाङ फुक्ने किसिमले प्रचार प्रसार गर्नाले बौद्धहरूमा मनोवैज्ञानिक प्रभाव परी बिस्तारै त्यस क्रियाकलापमा सरिक भइरहेको छ । यस्ता चुनौती कम गर्न परियत्ति शिक्षालाई सरकारी मान्यता प्राप्त गरी स्कूल स्कूलहरूमा नैतिक शिक्षाको रुपमा राख्न जरुरी छ ।

छिमेकी राष्ट्रहरूमा जस्तै बर्मा, श्रीलंका, थाइल्याण्ड, मलेशिया, इण्डोनेशिया आदि देशहरूमा नै परियत्ति शिक्षालाई धेरै महत्त्व दिइएको पाइन्छ । मलेशियामा Sunday School भन्ने छ जुन दिन सम्पूर्ण विद्यार्थीहरू आफ्नो धर्मानुसार उनीहरूलाई सोही धर्मानुसार शिक्षा दिने गरिन्छ । जसले आफ्नो छोराछोरीलाई Sunday School पठाउँदैन त्यस्तो अभिभावकलाई कार्वाही हुन्छ । बुद्ध जन्मभूमि नेपालमा नै यो नियम छैन तर मलेशियामा यस्तो नियम छ । यो सरकारको कमजोरी रुपमा रहेको छ । साथै अरु देशहरू जस्तै थाइल्याण्ड, बर्मा, श्रीलंका आदिले बौद्ध राष्ट्र घोषणा गरेका छन् तर नेपालले छैन । यसले पनि प्रस्ट हुन्छ कि नेपाल सरकारमा यसप्रति कुनै चासो छैन ।

बुद्ध शिक्षाको विशेषता भनेको सांदृष्टिक, अकालिको र एहिपस्सिको विशेषताले पूर्ण शिक्षा हो । त्यसैले यस धर्मलाई जीवन्त बनाउनु आवश्यक छ ।

सैद्धान्तिक , बुद्धिविलास र उत्सवको रुपमा मात्र धर्मलाई ग्रहण नगरी यसलाई दैनिक जीवनमा अभ्यासको विषय बनाउनु नितान्त आवश्यक छ । अभ्यास विना सतहमा मात्र धर्मलाई ग्रहण गरेर लाभान्वित हुन नसक्ने र यसको प्रचार प्रसार पनि राम्ररी हुन सक्दैन । बुद्ध धर्म सार्वजनिक धर्म हो भन्ने विश्वास दिलाउन जाति जनजातिहरू, दलितहरूका साथै अन्य समुदायहरूप्रति लक्षित गरेर पनि जागरण कार्यक्रम सञ्चालन गर्नु आवश्यक छन् । विभिन्न दैनिक पत्र पत्रिकामा धर्मका बारेमा लेख रचनाहरू छाप्ने कार्यमा बौद्ध लेखकहरूलाई प्ररित गर्नु र धर्मसम्बन्धी भ्रमपूर्ण समाचार तथा धर्मानुकूल नभएका कुराहरूलाई समयमै जवाफ दिनको लागि लेखकहरूलाई प्ररित गर्नु आवश्यक छ । यसले जनमानसमा नकारात्मक असर पर्न दिँदैन ।

"चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजनसुखाय" अर्थात् बहुजन हित र बहुजन सुखका लागि चारिका गर्नु भनी भगवान् बुद्धले आफूसहित ६१ जना अर्हत भिक्षु भइसकेपछि ती भिक्षुहरूलाई निर्देशन दिनुभएको हो । बहुजन हित र सुखको लागि बुद्धको उपदेशलाई विभिन्न भूभागमा फैलाउनु आवश्यक छ । परियत्ति शिक्षाले यसको आधार तयार गर्छ ।

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्मदा ।
सभितपरियोदपनं, एतं बुद्धान सासन ।"

अर्थात् कुनै पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु त्यही बुद्धहरूको शिक्षा हो ।

त्यसैले हामीले पनि यी बुद्धका शिक्षाहरू आचरण गरेर आफ्नो जीवनलाई सफल पार्नुपर्छ । यसको लागि परियत्ति शिक्षालाई सरकारी मान्यता दिनु जरुरी छ । आजको नेपाललाई नयाँ नेपाल बनाउन सरकारी मान्यता प्राप्त परियत्ति शिक्षाको खाँचो अति नै रहेको छ । यसको लागि सरकारी पक्षहरू सबल र प्रबल हुन जरुरी छ ।

हार्दिक शुभकामना

२५६१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

भक्तपुर सुनचाँदी व्यवसायी संघ

फोन नं. ०१-६६१७७३७

हार्दिक शुभकामना

२५६१ औं बुद्ध जयन्तीया लसताय् सकल नेपामि पिन्त भिन्तुना !

सुगतराज शाक्य एण्ड सन्स

भक्तपुर -६, इनाचो टोल

आजको युगमा परियत्ति शिक्षाको महत्त्व

✍ प्रमिला धुख्वा
मैत्रेय युवा संघ, परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष

विश्व शान्तिका अग्रनायक तथा महामावन गौतम बुद्धद्वारा सम्पूर्ण मावनसाथै प्राणीसमेतलाई सुख र हित हुने उपदेश र शिक्षाहरूलाई नै संग्रह गरी कक्षागतरुपमा सञ्चालन गरी सिकाउने प्रक्रियालाई बौद्ध परियति शिक्षा भनिन्छ ।

समग्रमा भन्नुपर्दा बुद्धधर्मसम्बन्धी पढाउने शिक्षालाई नै बौद्ध परियत्ति शिक्षा भनिन्छ । परियत्ति शिक्षा भनेको कुनै धर्मको बारे होइन यो त सामाजिक जीवनको लागि महत्त्वपूर्ण शिक्षा हो ।

मावन जीवन एक दुर्लभ जीवन हो र यो जीवन सार्थकपार्न परियत्ति शिक्षाको अति आवश्यक छ । बुद्ध शासनलाई विशेष गरी तीन भागमा विभाजन गरिएको छ :- परियत्ति, प्रतिपति र प्रतिवेध । यी तीनमध्ये परियत्तिलाई मुख्य मानिन्छ । परियत्ति भनेको बुद्धबचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको त्यस सैद्धान्तिक शिक्षालाई व्यवहारिक रुपमा अभ्यास गर्नु हो र प्रतिवेध भनेको त्यस शिक्षालाई अभ्यास गरिसकेपछि पाइने प्रतिफल हो । त्यसकारण परियत्ति शिक्षा अर्थात् परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन र प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन त्यसैले बुद्धशासनको आधारशिला नै परियति शासन हो ।

मानवलाई मानव भएर जीउन सिकाउँछ परियत्तिले । कुनैपनि व्यक्ति भित्र रहेका कुभावनाहरू त्यागी सदाचार, शिष्टाचार बन्न सिकाउँछ । परियत्ति शिक्षाको माध्यमबाट मानिस स्वयमले नै सत्यलाई बोध गरी ज्ञान प्राप्त गर्न सकिन्छ । बुद्धको मूल शिक्षामध्येको एक मानसिक विकासले पनि मानिसलाई आफ्ना मनका विकारहरू जस्तै : राग, द्वेष, मोह, तृष्णा हटाउन महत गर्छ तर एउटा विशेष कुरा के छ भने परियत्ति शिक्षाले आफै कुनै पनि व्यक्तिलाई निर्वाणसम्म पुऱ्याउँदैन यो त केवल पथ प्रदर्शक मात्र हो । यसको लागि व्यक्ति स्वयमले नै कठोर अभ्यास गरी आफ्नो जीवनलाई उन्नतितिर उन्मूख गर्नुपर्छ ।

गौतम बुद्धले प्राप्त गर्नुभएको ज्ञान उहाँको परिनिर्वाणसँगै लोप नहोस् भन्ने उद्देश्यले सञ्चालन भइराखेको छ । सर्वप्रथम बौद्ध परियत्ति शिक्षाको सुरुवात त्रिशुलीको सुगतपुर विहारमा भयो । 'नेपाल बौद्ध परियत्ति शिक्षा' भनी नामाकरण गरी वि.सं. २०२० सालमा संस्थागत रुपमा परियत्ति शिक्षाको अध्ययन-अध्यापन भयो । बौद्ध परियत्ति शिक्षाको एक महत्त्वपूर्ण पक्ष के छ भने यसले मानिसको जीवन सकारात्मक हिसाबले अघि बढाउन चाहिने 'पञ्चशील' अर्थात 'पाँचवटा शील' बारे जानकारी दिन्छ । पञ्चशील भन्नाले हाम्रो शरीर, बचन र मनबाट अरुमाथि पर्नसक्ने खराब परिणाम हुन नदिन पालन गर्नुपर्ने नियम हो । पञ्चशीलमा पाँचवटा शील वा नियमहरू समाविष्ट छन् । जसमा सबैको उत्तिकै महत्त्व छ । पञ्चशीलमा प्राणीहिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झुठो कुरा नबोल्नु र जाँड, रक्सी, चुरोट जस्ता मादक पदार्थ सेवन नगर्नु पर्दछन् । यी ५ नियमहरूलाई मात्र राम्रोसँग आफ्नो जीवनमा लागू गरेमा मानिसले ठूलो लाभ प्राप्त गर्दछ ।

यसरी परियत्ति शिक्षा पढेर मानिसले शीलको साथसाथै प्रज्ञा र समाधि मार्गमा संलग्न भई आफ्नो

चित्तमा रहेका क्लेशहरूलाई मुक्त गर्छन् जसबाट उसमा अमूल्य गुणहरू जस्तै मैत्री, करुणा, मुदिता र उपेक्षाको वृद्धि हुन्छ । यस शिक्षामा समावेश गरिएको एक महत्त्वपूर्ण पाठ 'गृही विनय' मा गृहस्थीहरूलाई हुने उपदेशहरू छन् । यस शिक्षा पढ्नेले साथै आफ्नो आमाबुबा, गुरुजनहरूलाई आदर र कदर गर्छन् । मित्रहरूप्रति स्नेहीपूर्ण व्यवहार गर्छन्, आफू जन्मेको देशप्रतिको कर्तव्यतर्फ सधै सतर्क रहन्छन् र साथै देशको सेवामा लाग्छन् ।

आजको युग भनेको २१ औं शताब्दीको युग हो जहाँ प्रतिस्पर्धाले विशिष्ट स्थान ओगटेको छ । प्रतिस्पर्धामा नै संसार अडेको छ जसकोकारण मानिसहरू आजकाल आफ्नो स्वार्थ परिपूर्ति गर्न लागिपरेका छन् । आफूलाई मात्र फाइदा हुने भए जुनसुकै कार्य गर्न पनि पछि पर्दैन जयकारण समाजमा थुप्रै समस्याहरू देखा परेका छन् जस्तै हत्या, चोरी, डकैटी, बलात्कार, घुसपेट इत्यादी । तर परियत्ति शिक्षा अध्ययनरत कोही पनि व्यक्ति यी सबै नराम्रा बानी व्यवहार र दिनचर्याबाट टाढा नै हुन्छन् । उनीहरूमा भएको सदाचार र शिष्टाचार भन्ने गुणले नै उनीहरूलाई सम्पूर्ण प्राणीहरूप्रति मैत्री, करुणा, मुद्धिता र उपेक्षा जस्ता भावनाहरू राख्छन् । यो संगसँगै परियत्ति शिक्षामा आर्य-अष्टाङ्गिक मार्गबारे उल्लेख गरिएको छ ।

हुन त आजको युग विज्ञान र प्रविधिको युग हो । तापनि आजको यस परिस्थितिमा समेत करीव २६०० वर्ष अघि जन्मनुभएका गौतम बुद्धले दिनुभएको मौलिक एवं महत्त्वपूर्ण उपदेश हेतुवादको दर्शन अझ पनि उत्तिकै सान्दर्भिक र सत्य छ, जसरी चतुरार्य सत्य पनि आज उत्तिकै सत्य छ । एक हिसावले यो दर्शन सर्वकालिक, सर्वदेशिक र सार्वजनिक नै छ जसरी विज्ञानको नियम सबैको लागि एउटै छ र स्वीकार्य पनि छ । भगवान् बुद्धले दिनुभएको यो उपदेशको अनुसार त परियत्ति शिक्षा पढ्नु एकदम आवश्यक छ र मानव जीवन जस्तो दुलर्भ जीवनमा यदि हामीले यस्तो दुर्लभ उपदेश ग्रहण गर्न सक्यौं भने हामीले थुप्रै ज्ञान हासिल गर्न सक्छौं ।

आजको हाम्रो समाज विभिन्न समस्याहरूले विश्व पीडित भइरहेको छ । त्यसमा पनि परिवार-परिवारका सदस्यहरूबीच नै मेलमिलाप र एकता छैन । सबै मानिसहरू स्वार्थमा लिप्त भएका छन् र स्वार्थ परिपूर्तिको लागि नै उनीहरू आँखा चिम्लेर जुनसुकै कार्य गर्न पनि पछि पर्दैनन । यो सबै हुनुमा परियत्ति शिक्षाको कमी नै हो । त्यसैगरी आजकालका युवा वर्गमा अनुशासनहीनता र उच्छृङ्खलता पनि बढ्दै गएको छ । त्यसकारण आजको संकटकालीन परिस्थितिमा परियत्ति शिक्षाको आवश्यकता झन बढेको छ । सदा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक हित र कल्याणको लागि उचित जनशक्ति तयार गर्न मद्दत गर्छ परियत्तिले । मानिसको चेतनास्तरमा बृद्धि ल्याइ 'आफू पनि बाँचौं र अरुलाई बचाऔं' भन्ने सिद्धान्तलाई आत्मसाथ गरी मानिसको जीवनलाई सफलतातिर डोहोऱ्याउँछ । जीवनमा सफलता जो कोही पनि हुन्छन् तर असल, शिष्टाचारी हुन केबल परियत्ति शिक्षाको आवश्यकता पर्दछ । त्यसैले वैज्ञानिकतामा आधारित परियत्ति शिक्षालाई सदा परिवार, समाज, देश र विश्वको हितको लागि प्रचार प्रसार गर्नु आवश्यक छ र विद्यालयस्तरमै यो शिक्षालाई अघि सार्नु आजको आवश्यकता हो ।

Fresh Foood Fresh Mood

चन्द्रायन स्वीट्स

इताछे, भक्तपुर-१७

फोन नं. ६६१००५०

Contact For

Varieties of Sweets, Lunch Boxes for different Kinds of ceremonies of Programs

आषाढ पूर्णिमा

✍ सुविना शाक्य, मूनिविहार

भगवान बुद्धको जीवनीमा विशिष्ट स्थान ओगटेको यस "आषाढ पूर्णिमा" पाँच महान संयोग मिलेको दिन हो । ती हुन्

पहिलोमा बोधिसत्वको गर्भ प्रवेश

दोस्रोमा सिद्धार्थको महाभिनिष्क्रमन

तेस्रोमा धर्मचक्र प्रवर्तन

चौथोमा तिर्थंकरहरूको घमण्डलाई दमन गर्न यमक ऋद्धि प्रतिहार्य देखाउनुभएको

र पाँचौमा महामायादेवीलाई देवलोकमा अभिधर्मको देशना ।

भगवान बुद्धले दिपंकर तथागतको पादमुलमा बुद्धत्वको प्रार्थना गर्नुभएदेखि नै चार असङ्ख्य एक लाख कल्पसम्म दश पारमिता, दश उप पारमिता र दश परमार्थ पारमिता धर्मलाई पूर्ण गर्नुहुँदै तुशित देव भवन स्वेत्तकेत बोधिसत्व भएर जन्म लिनुभयो । अनि त्यस देव भवनबाट अन्तिम जन्मका रुपमा कपिलवस्तुका महाराज शुद्धोदनकी बडामहारानी महामायादेवीको गर्भ प्रवेश गर्नुभएको यहि आषाढ पूर्णिमाका दिनमा नै हो । यसरी संसारमा जन्म, जरा, व्याधि मरणको प्राकृतिक दुःखबाट मुक्त हुनसक्ने धर्मलाई प्रवर्तन गर्नसक्ने एक महामानवको प्रतिसन्धि भएको दिन हो यो आषाढ पूर्णिमा । दोस्रोमा, सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्ने दृढ संकल्पका साथ महाभिनिष्क्रमण गर्नुभएको यहि जाज्वल्यमान आषाढ पूर्णिमाको रात हो । राजा शुद्धोदनले आफ्ना पुत्र सिद्धार्थ राजकुमारलाई हुनसम्मको राज्य सुख, ऐश्वर्यमा भुलाई (जरा, व्याधि र मरण जस्ता प्राकृतिक धर्मको छायाँसम्म पनि नपर्ने गरी सांसारिक सुखमा अनुराग उत्पन्न गराउने प्रयास गर्नुभयो । तर नगर परिक्रमा गर्ने क्रममा सिद्धार्थ राजकुमारले रोगी, वृद्ध, मुर्दा र भिक्षुको चार निमित्त देख्नुभयो । अनि तबदेखि उहाँमा वैराग्य उत्पन्न भयो । त्यसकारण उहाँले यो दुःखबाट मुक्त हुनसक्ने मार्गको खोजी गर्ने अठोट लिएर राज्य, सुख, ऐश्वर्य, घर परिवारसँगै प्रिय पत्नी यशोधरा, नवजात शिशु राहुल कुमारलाई समेत त्याग गर्नुभयो । र उन्नांतीस वर्षको कलिलो उमेरमा नै परिवारमा कसैले थाहा नपाउने गरी छन्दक सारथी र कन्थक घोडाको साथमा आषाढ पूर्णिमाको रातमा महाभिनिष्क्रमण अर्थात गृहत्याग गर्नुभयो ।

तेस्रोमा, सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्न अत्यन्तै कठोर तपस्या गर्नुभयो । तैपनि आफूले खोजेको ज्ञान प्राप्त भएन । त्यसपछि सुजाता उपासिकाले चढाएको खीर स्विकार गर्नुभई, नेरञ्जना नदिको नजिक जङ्गलमा पिपल रुखमनि सोत्थिक घसियाले दिएको घास बिछ्याई बुद्धत्व प्राप्त नभएसम्म म यो आसनबाट उठदिन भन्ने अधिष्ठान गरेर मनलाई एकाग, शान्त गरी ध्यानमा बस्नुभयो । त्यही रातमा क्रमश पुब्बे निवासनस्सति ज्ञान' दिव्यचक्षु ज्ञान' र आश्रवक्षय ज्ञान' प्राप्त गर्नुभई, सिद्धार्थ बुद्ध हुनुभयो । उहाँले बोधि ज्ञान प्राप्त गर्नुभएको सात सप्ताहसम्म विमुक्ति सुखको अनुभव गरी बस्नुभएको थियो । अनि आफूले प्राप्त गरेका सम्बोधि ज्ञान बहुजन हित र सुखका निम्ति फैलाउने आशा लिएर पञ्चवर्गीय भिक्षुहरूकोमा जानुभयो । आफूले बोधिज्ञान प्राप्त गर्नु अघि तपस्या गर्ने क्रममा सहभागी बनेका (कौण्डन्य,

वप्प, भदिय, महानाम र असजित गरी पाँच ब्राम्हणहरूलाई सम्झेर बुधगयाबाट सारनाथको ऋषिपटन मृगदावनमा जानुभयो र धर्मचक्र शुत्रको देशना गर्नुभयो ।

भगवान बुद्धले यसरी पञ्चवर्गीय भिक्षुहरूलाई उपदेश गर्नुभएको छ । संसारमा छोडनपर्ने अन्त वा अति दईता छन कामेसु कामसुखल्लिकानयोगो ।

अर्थात काम सुखमा मात्रै भुलेर सांसारीक जीवन र विलाशीतामा लिप्त हुनु जुन हिन, गाम्य, अशिष्ट र अनर्थकर छन् ।

अत्तकिलमाथानयोगो

अर्थात देहलाई अत्ति कष्ट दिएर न्यूनत्तम आहार व्यायाम पनि नलिनु जुन दुखमय, अनार्य र अनर्थकर छन् । यी दुवैलाई छोडी मध्यम मार्ग अप्नाउनुपर्दछ । यस मध्यम मार्गले आँखा खोलिदिन्छ । ज्ञान दिन्छ (प्रज्ञा उत्पन्न गराइदिन्छ जुन अभिज्ञा, सम्बोधि र निर्वाणका लागि हो । यो संसारमा (जन्म, जरा, व्याधि, मरण, प्रियसंगको बिछोड, अप्रियसंगको संयोग, इच्छा गरेको नपुग्नु अनि यो पञ्चस्कन्ध रुपी शरीर धारण गर्नुपर्ने नै दुःख हो । यसको मुख्य कारण 'तृष्णा' हो । यस तृष्णालाई अन्त गर्न सकेमा दुःखको अन्त हुन्छ । यसलाई नै चतुरार्य सत्य भन्दछ । यस दुःखबाट मुक्त हुनका लागि उहाँले आठ सही बाटो देखाउनुभएको छ, जसलाई आर्य अष्टांगिक मार्ग भनिन्छ ।

ती हुन :-

(सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक बाचा, सम्यक कमन्तो, सम्यक आजिवो, सम्यक व्यायाम, सम्यक सति र सम्यक समाधि ।

यसलाई शील, समाधि र प्रज्ञाका रुपमा पनि व्याख्या गर्न मिल्दछ । शील भन्नाले हाम्रो मन, वचन र शरीरबाट गर्ने कार्यहरू शुद्ध गर्नु हो । यसका लागि हाम्रो मनलाई वशमा राख्न सक्नुपर्दछ । जसलाई समाधि भन्दछ भने यथार्थ स्वभावलाई सही रुपमा थाहापाउने ज्ञानलाई प्रज्ञा भन्दछ जुन ज्ञान भगवान बुद्धको मूल उपदेश हो । यसरी तथागत बुद्धले देशना गर्नुभएको चतुरार्य सत्य र आर्य अष्टाङ्गिकमार्गको ज्ञान नै उहाँले छ वर्षसम्म दिनु भएका सबै उपदेश यसैमा आधारीत छन् । यसरी उहाँले धर्मचक्र शत्रुको देशना गर्नभएको दिन पनि आषाढ पूर्णिमा परेको छ । तसर्थ हामी आषाढ पूर्णिमालाई धर्मचक्रप्रवर्तन दिवसका रुपमा पनि मनाउँदछौं ।

चाथोमा (भगवान बुद्धले तिथकरहरूको अहंकार दमन गर्नका लागि यमक ऋद्धि प्रतिहार्य देखाउनु भएको आषाढ पूर्णिमा नै हो र पाँचौमा आफूलाई जन्म दिएर परलोक हुनुभई त्रायतिस देवलोकमा सन्तसित देवपुत्र भएर जन्मलिई रहनुभएका महामायादेवीलाई पूर्ण सर्वज्ञ ज्ञानदवारा चित्त, चैतेसिक, रुप र निर्वाण यथार्थ रुपमा विद्धयमान भईरहेको परमार्थ धर्म अभिधर्मको, देशना गर्नुभएको दिन समेत यही आषाढ पूर्णिमा हो । यसको अध्ययनबाट विपश्यनाको अभ्यास गरी अनित्य, दुःख र अनात्म ज्ञानलाई बुझि मार्गफलसम्म प्राप्त गर्न सकिन्छ ।

स्मरण गर्न मिल्ने यो आषाढ पूर्णिमाको दिन अर्को एउटा शासनिक घटना पनि छ । भिक्षुहरूको नियममा कमी नआओस् भन्ने हेतुले महाकाश्यप महाश्थविरको नेतृत्व र अजात शत्रु राजाको संरक्षणमा, ५०० अरहन्त भिक्षुहरूको उपस्थितिमा प्रथम संगयाना शुरु भएको दिन समेत यही आषाढ पूर्णिमा हुन आएको छ । आषाढ पूर्णिमालाई गुरुको गुण स्मरण गर्ने र सम्मान गर्ने विशेष दिन 'गुरु पूर्णिमाका' रुपमा पनि मनाइने गरिन्छ ।

त्यसैगरी यस पूर्णिमाको दिन पारेर उहाँ तथागत बुद्धले तीन महिनासम्म वर्षावास बस्ने नियम बनाई सर्वप्रथम आफू स्वयम वर्षावासमा बस्नु भएको थियो ।

निष्कर्षमा,

माथि संक्षिप्त वर्णण गरिए झैं यस दिन बुद्ध जीवनीमा पाँच महान योग मिल्न आएको दिन हो । त्यसकारण यस दिनको विशेष महत्त्व छ । यस महान दिनको अवसरमा बुद्ध गुण स्मरण गर्दै हामीले उहाँले देखाउनु भएको शील, समाधि र प्रज्ञाको बाटोमा लागेर जीवन सार्थक बनाऔं । तसर्थ आषाढ पूर्णिमाको गरीमा अझ बढेको छ ।

गतिविधि

मैत्रेय युवा संघको २० औं वार्षिक उत्सव

मैत्रेय युवा संघको २० औं वार्षिक उत्सव थथुवहीमा सम्पन्न भयो। श्रद्धेय भिक्षु अर्जुन भन्तेबाट पञ्चशील प्रदान गरी शुरु भएको उक्त कार्यक्रममा संघका अध्यक्ष सञ्चित बुद्धाचार्यको सभापतित्वमा भएको थियो। कार्यक्रममा प्रमुख अतिथि श्रद्धेय सुमेध महास्थविरज्यूले उद्घाटन गर्नु भएको थियो भने संघका सचिव रश्ना बज्राचार्यले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष प्रमिला धुख्वाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा एभरेष्ट इङ्गलिस स्कुलका परियति केन्द्रका शिक्षिका चन्द्रशोभा खर्बुजा र इ.जी पायोनियर स्कुल परियति केन्द्रका शिक्षिका रुविना छुस्याबागले परियति शिक्षा स्कुलका विद्यार्थीहरूलाई पढाउनु पर्ने नैतिक शिक्षा हो। यस शिक्षाले विद्यार्थीहरूमा राम्रो प्रभाव परेको अनुभव व्यक्त गर्नुभयो। संघका सदस्य गंगा गोसाईले परियति शिक्षा पढेर हाजिर जवाफ, वक्तृत्वकला, धम्मपद प्रतियोगिता तथा निबन्ध प्रतियोगिता सम्पन्न भयो। निबन्ध प्रतियोगितामा दोस्रो स्थान हासिल गरेको आफ्नो अनुभव व्यक्त गर्नुभयो।

उक्त कार्यक्रम परियति शिक्षा अक्षयकोषको लागि आर्थिक सहयोग गर्नुहुने भिक्षु विपस्सि महास्थविर ५०००।- भिक्षु अर्जुन ५०००।- संघ रत्न शाक्य रत्नायन परिवार २५००।- शुभ लक्ष्मी बज्राचार्य २५००।-, अशोकानन्द बज्राचार्य २५००।- निमा तामाङ २५००।- सहयोग गर्नुहुने दाताहरूलाई प्रमुख अतिथि भिक्षु सुमेध महास्थविरले कदर पत्र प्रदान गर्नु भएको थियो। त्यस्तै थथुबही दक्षिण मोहडामा पेटी बनाउन इँटा सहयोग गर्ने केशव गोठे, चैत्यमा आँखा सरित रंग हाल्नु भएका माइला तामाङलाई बुद्ध मूर्ति उपहार प्रदान गर्नु भएको थियो।

प्रमुख अतिथि भिक्षु सुमेध महास्थविरले परियतिको महत्त्व दर्शाउँदै बुद्ध शिक्षालाई व्यवहारमा लागू गर्दै नैतिक आचरण शुद्ध गर्नुपर्ने विषयमा सान्दर्भिक मन्तव्य व्यक्त गर्नु भएको थियो। बौद्ध संघका संस्थापक अध्यक्ष संघ रत्न शाक्यले सरकारले पञ्चशील अभियान प्रचार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यले स्वागत मन्तब्य व्यक्त गर्नुभएको कार्यक्रममा संघका सल्लाहकार सत्यलक्ष्मी रंजितले उपस्थिति सहभागीहरूलाई धन्यवाद ज्ञापन गरी सभापति सन्दिप बुद्धाचार्यले सभा बिसर्जन गर्नुभएको थियो।

परियति शिक्षालाई व्यवस्थित रुपले सञ्चालन गर्नको लागि आर्थिक सहयोग गर्ने महानुभावहरू :

१) न्हुछेकुमार/पूर्णकुमारी लासिवा - ८०००।-
२) भिक्षु अर्जुन, मुनि विहार - २०००।-
३) मदन तुलाघर, काठमाडौं - २४००।-
४) इन्द्रमाया बज्राचार्य, इताछें - १०००।-
५) सत्यलक्ष्मी रंजित, चुनदेवी - १०००।-
६) मायारुमा, मुनिविहार - ५००।-
७) लक्ष्मी सिलाचारी ऋषिनी - ५००।-
८) काशी थकु धुख्वा २००।-
९) राजमति कोजू १०५।-

मैत्रेय युवा संघको विधानअनुसार २०७३-२०७५ सालसम्म २ वर्षको लागि नयाँ कार्य समिति गठन। नयाँ कार्य समितिको नामावली

१) अध्यक्ष : सन्चित बुद्धाचार्य
२) उपाध्यक्ष : तिर्थराज बज्राचार्य
३) सचिव : रश्ना बज्राचार्य
४) सहसचिव : सुलोचना कोजू
५) कोषाध्यक्ष : प्रमिला धुख्वा
६) का. सदस्य : गंगा गोसाई
७) का. सदस्य : माइला तामाङ्ग
८) सल्लाहकार : लक्ष्मीचन्द्र बज्राचार्य
९) सल्लाहकार : सत्यलक्ष्मी रंजित
१०) विषेश सदस्य : प्रेमशोभा बज्राचार्य
१२) विषेश सदस्य : गौरी श्रेष्ठ
१३) विषेश सदस्य : दानलक्ष्मी बज्राचार्य

आयु बज्र शाक्य (आयुष)
रत्न सुन्दर शाक्य

हार्दिक शुभकामना

२५६१ औं बुद्ध जयन्तीया लसताय् सकल नेपामि पिन्त भिन्तुना !

बज्र सुन्दर गहना गृह

इनाचो-६, भक्तपुर, फोन ६६१३३९०

यहाँ तयारी तथा अर्डर बमोजिम सुनचाँदीका गहनाहरू बनाइन्छ ।

२५६१ औं बुद्ध जयन्तीया
लसताय्
सकल मानव पिनिगु भिंगु
चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।

सिद्धि गणेश ज्यासः पसः

चोर्चा-६, भक्तपुर

फोन नं. ६६१३४७८, मो.नं. ९८४३१६९४९३, ९८६०३३५६९७

हामी कहाँ विभिन्न डिजाइनका अर्डर बमोजिम सुनचाँदीका गर गहना तयार गरिन्छ ।

MOb. 9841285580 9841648521 9849177479

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

DHARMA RAJ & SON'S
Ornaments

Incho-6, Bhaktapur
Tell No.: 01-6617330

Remember for Gold & Silver Jewellery Ornaments

पुस्तक परिचय

"बौद्ध जगतका स्मरणीय व्यक्तिहरू" छैठौं भाग पढ्दा

✍ विष्णुगोपाल कुसी

कुनै पनि मुलकथाका नेता, विद्वान, इतिहासकार, भूगोलवेत्ता, कवि, कथाकार, लेखक, वैज्ञानिक र विज्ञहरू अन्तर्देशीय हुन्छन्, हुनुपर्छ । तिनीहरूलाई संसारभर चिनाउन त्यस्तै कुनै अन्तर्देशीय लेखक, कवि, कथाकार, इतिहासकार, वैज्ञानिक आदिको खाँचो हुन्छ । मार्क्स, लेनिन, एँगेल्स, माओ त्सेतुङ्ग, गौतम बुद्ध, नाइटिङ्गेल्स, फिडेल क्याष्ट्रो, ह्चुगो चाभेज, किम इल सङ आदि संसारभर त्यत्तिकै चिनिएका होइनन् । उनीहरूले गरेको सङ्घर्ष, योगदानलाई त्यो देशभरमात्र होइन संसारको विभिन्न मुलुकमा पुऱ्याउनुपर्छ, पुऱ्याउन अनेक पुस्तक या ग्रन्थ रच्नुपर्छ । उनीहरूको व्यक्तित्व, कृति, विचार, सिद्धान्त, धर्म, दर्शन, संस्कृति, साहित्य, कला आदिबारे जानकारी दिइनुपर्छ र संसारव्यापी बनाइनुपर्छ । यस कार्यमा बौद्ध दर्शनका ज्ञाता एवं लेखक रत्नसुन्दर शाक्यको कलम तिखारिएको छ । 'बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू'को छैठौं भाग यसको दृष्टान्त हो । बुद्ध धर्म, संस्कृति, दर्शनको प्रचार-प्रसार एवं विकास र विस्तारमा विशेष योगदान पुऱ्याउन सफल उन्नाइसौं र बीसौं शताब्दीका व्यक्तिहरूको कृतित्व र चिनारी दिन नै लेखक शाक्यले यो कृति लेखेका हुन् ।

अध्ययन अनुसन्धान नगर्ने र त्यसप्रति रुचि नराख्ने कुनै लेखकले देश र विदेशका बौद्ध जगत्का स्मरणीय अग्रज व्यक्तित्वहरूको जीवनी पाठकसमक्ष पुऱ्याउने चेष्टा गर्दैनन् । समाज र देशको रचनात्मक र सकारात्मक परिवर्तनमा टेवा पुऱ्याउने अग्रज विद्वान र ज्ञाताहरूको मूल्याङ्कन गरेरै नै यो कृति प्रकाशनमा ल्याइएको हो । उप संघ नायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको ७८ औं जन्मोत्सवको अवसरमा प्रकाशित कृतिमा २० जना बौद्ध जगतका स्मरणीय व्यक्तिहरूको सङ्क्षिप्त जीवनीको चर्चा गरिएको छ । पुस्तकमा १० जना एसिया र १० जना युरोप र अमेरिकामा रहेका बौद्ध दार्शनिक, बुद्ध धर्म अध्ययन गर्ने, बौद्ध दर्शनको मूलभूत सिद्धान्त प्रचार गर्ने संस्कृत साहित्यका सुविख्यात महाकवि आचार्य, विद्वान भिक्षु, विचारकहरूको जीवन र योगदानको चर्चा गरिएको छ । बुद्ध धर्मको पुनरुत्थान गर्ने, बुद्धको हितोपदेशसम्बन्धी साहित्य र ग्रन्थ पढेर प्राचीन बौद्धसम्बन्धी साहित्य लेखेर बुद्धकालीन इतिहास, धर्म, ग्रन्थ जनसमुदायमा ल्याउने कार्य क्षेत्रमा ती विचारकहरूको योगदान कम्ताको छैन । यस अर्थमा बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू पुस्तक पठनीय छ ।

बुद्ध शासनको इतिहासमा उल्लेख्य योगदान गर्ने प्राचीन बौद्ध दार्शनिकहरूमा भारतका आचार्य अश्वघोष पनि एक थिए। फ्रान्सका युजीन बर्नफले पच्छिमी मुलुकमा बुद्धको शान्ति सन्देश फैलाउने काम गरे। बौद्ध धर्मको विस्तृत अध्ययन, अनुसन्धान र खोजीनीति गरेर बौद्ध दर्शनको मूलभूत सिद्धान्तबारे कलम चलाउने प्रो.बसीली वसील्येव रुसी नागरिक हुन्। डेनमार्कका प्रो. मिखाइल विगो फाँसबलको युरोपका विभिन्न देशहरूमा बुद्ध धर्मको पुनःउत्थानमा सहयोग गर्ने व्यक्तित्व हुन्। हेलेण्डका प्रो. हेन्द्रिक कर्न संस्कृत बौद्ध साहित्यका एक प्रमुख उदारक थिए। बङ्गलादेशका रायबहादुर शरत्चन्द्र दासले बुद्विस्ट टेक्स्ट सोसाइटी संस्था स्थापना गरी तिब्बति, संस्कृत र अङ्ग्रेजीमा लिखित बौद्ध साहित्यको सम्पादन एवम् अनुवाद गरी प्रकाशन गरेर बौद्ध दर्शनको क्षितिजलाई चौडा पार्ने काममा सहयोग गरे। उनीहरूको बुद्धवाणी, संस्कृत बौद्धग्रन्थ, बुद्धधर्मको उत्थानसम्बन्धी ग्रन्थले बुद्धका उपदेशहरू संसारभर पुग्न सहयोग मिल्यो। त्यसलाई अझ व्यापक बनाउन बौद्ध लेखक रत्नसुन्दर शाक्यले बौद्ध जगतका स्मरणीय व्यक्तिहरूको जीवनी र योगदानबारे चर्चा गरे। यस्तो कार्यमा लेखकहरू पछि पर्नुहुँदैन। बौद्ध लेखक शाक्यलाई साधुवाद छ।

बुद्धको जीवनी एवम् उपदेश जनतामाझ पुऱ्याउन 'दि गोस्वेल बुद्ध' ग्रन्थ लेखेर लोकप्रिय बन्न सफल एक व्यक्ति हुन् -जर्मनीका डा. पाँल करस। यो कृति श्रीलङ्का एवम् जापानका विभिन्न बौद्ध विहार एवम् विद्यालयमा पाठ्यपुस्तकको रुपमा राखिएको छ। मानवताको प्रचारप्रसारमा बुद्ध धर्मको उल्लेख्य योगदान रह्यो। त्यो योगदानको कदर गर्दै लङ्काका सीपी गुणवर्द्धनेले आफ्नो देश र आफ्नो धर्मको निम्ति जीवन बिताए। कोलम्बोका प्रमुख विहार र अन्य क्षेत्रमा सबभन्दा पहिले बौद्ध झण्डा फहराउने व्यक्ति उनै हुन्। अनेकौं वेद, उपनिषद् र बौद्धिक ग्रन्थ लेख्ने जर्मनीका प्रो. हर्मन ओल्देन वर्गको प्रसिद्ध रुसी साहित्यकार लियो टाल्टायासित सम्पर्क थियो। यसरी नै बुद्ध धर्मको ज्ञान व्यापक बढाउन, बुद्ध धर्मको व्याख्यान गरेर सुसूचित पार्न, संस्कृत र पाली भाषामा रहेका बौद्ध धर्मका अल्याख ग्रन्थहरूको अध्ययन, अनुसन्धान गर्ने काममा डा. कार्ल युगेन न्यूमन, फ्रान्सिस जे. पायन, ई.जे. थोमसको योगदान पनि कम होइन। बौद्ध ग्रन्थका मूल पुस्तकहरूको अनुवाद पनि तिनै बौद्ध विद्वानहरूबाट भएको पुस्तकमा उल्लेख छ।

बौद्ध विद्वान, लेखक र अनुसन्धाताहरूको यो कृति जानकारीमूलक छ। काव्य र व्याकरणको अध्ययनमा लागेका पण्डित सिद्धिहर्ष बज्राचार्यले नेपालको आफ्नै मौलिक लिपि नेपालक्षर र रञ्जनाक्षर वर्णमालाको प्रदर्शन गरे। पाटनका पण्डित बुद्धिराज शाक्यले कान्तिपुरका पण्डित निष्ठानन्द बज्राचार्यले रचना गर्नुभएको बुद्ध जीवनी कृति 'ललितविस्तार' को धर्म व्याख्यान गरे।

बुद्ध धर्मको आधारशिलाको रुपमा रहेको विपश्यना ध्यानमा दिलचस्पी राखेर मिस ग्रेस कन्स्टान्ट लाउँस बटीले 'बुद्विस्ट मेडिटेसन' कृति लेखे। लेनिनग्रेड विश्वविद्यालयबाट पीएचडी गरेका युग्वेनी ओवट मिल्सरले तिब्बती पुस्तक 'बौद्ध धर्मका इतिहासको अनुवाद गरे। थाइलैण्डका भिक्षु बुद्धदासले बैङ्ककको धम्मसत विश्वविद्यालयमा दिएको प्रवचनको आधारमा लेखिएको अङ्ग्रेजी अनुवाद बुद्ध धम्म फट स्टुडेन्टको नेपाली अनुवाद बौद्ध धर्मको मौलिक सिद्धान्त हो।

एक मृदुभाषी, शील स्वभावका भिक्षु मदिहे पञ्ञा सिंहले पनि विशेष कृतिहरू लेखेर बुद्ध धर्मको प्रचारमा योगदान पुऱ्याए। यसरी नै धर्मबहादुर धाख्वा र अन्तर्राष्ट्रिय बौद्ध जगतका अर्का प्रसिद्ध भदन्त रेक्तधम्म महास्थविरले सद्धर्मको देशना गरेको आदि पुस्तकमा उल्लेख गरिएको छ।

पुस्तकमा गंगा वैद्यको 'बौद्ध जगतका स्मरणीय व्यक्तिहरू (पाँचौं भाग) का समालोचनात्मक टिप्पणी, लेखक शाक्यकै जीवनका केही स्मरणीय दिनहरू र हालसम्म प्रकाशित कृतिहरूको सूची दिइएको छ। बौद्ध जगतका स्मरणीय व्यक्तिहरूको प्रथम भागदेखि पाँचौं भागसम्मका व्यक्तित्वहरूको नामले पुस्तकको वजन बढाएको छ।

बुद्ध वाणी र बुद्ध सम्बन्धी विचार देश विदेशमा पुऱ्याउने बौद्ध विद्वान तथा लेखकहरूको फोटो दिइएको छ । लेखकहरूको सारभूत कुरा खिचेर लेखक शाक्यले छोटो जीवनी लेख्ने लेखक शाक्यको कमल निरन्तर चलिरहने आशा गर्दछु ।

पुस्तकको साइज ठिक्कै हो । कागज स्तरीय छ । अन्य पेजबाहेक सङ्क्षिप्त जीवनीको मात्र १३० पेज भएको पुस्तकको मूल्य रु. १५०/- महँगो होइन । बुद्ध वाणी र धर्मप्रति आस्था राख्ने ती बौद्ध लेखकहरूको सङ्क्षिप्त जीवनीले बुद्धको ज्ञानको क्षितिजलाई फराकिलो पार्ने काम गरेका छन् । पुस्तकका लेखक रत्नसुन्दर शाक्य र प्रकाशकलाई साधुवाद ।

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा
महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Proprietor : Surendra Raj Shakya

New Suvarna Aabhusanalaya

Mob. : 9841350316, Phone : 01- 6611272
Inacho, Bhaktapur

FOR ALL KINDS OF GOLD & SILVER JEWELLERY

चक्कराज शाक्य
९८४१४९४७५४

२५६१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछ ।

चक्रराज एण्ड सन्स्

इनाचो, भक्तपुर (पोखरी बाराँ)

यहाँ रेडिमेड गहना पाउनुका साथै अर्डर बमोजिम तयारी गरिन्छ ।

ग्राहकको सन्तुष्टी नै हाम्रो चाहना ... धन्यवाद !

हार्दिक

मंगलमय शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्द्र एण्ड सन्स

इनाचो, भक्तपुर
फोन नं. ६६१३८७५

नोट : 24 K को सुनको गहनाहरू तथा चाँदिको समानहरू तयारी वा अर्डर गर्नुपरेमा कृपया हामीलाई सम्पर्क राख्नुहोला ।

बाखँ

बाचा

✍ चन्द्रबहादुर उलक

ग्वहालिˢ ! ग्वहालिˢ ! जिमिता स्याइन बाबाˢ ग्वहालिˢ ! ग्वहालि !

सपू चान्हे छम्हा मिसाया ग्याँपुसे च्वंगु स:लं धर्मदाई झसंक न्हय:लं चाल । जुरुक्क दाङ झ्य: खापा चायेक मिखा वायेकल । पिनेया लकस ख्यूंसे च्वं । वहे स: हकनं थोत । झिंजामिंजा दान । न्हय्पं बियो न्यङ च्वन । विकुमाया त:जुया स:ख: धाय्गु विश्वास जुय्वं धर्मदाई थ:गु छैं नं पिहाँ वयो स: वगु पाखे ब्वक वान ।

विकुमाया त:जु छैं नं पिहाँ वयो छाति दादाँ ग्वहालि फ्वङ च्वन । हि हि लाङ च्वन विकुमायाया म्हाय् गा मरु साँ फालाहाँ तयो च्वन ।

धर्मदाईया ख्व खानेवं तुती ज्वङ ग्वहालि फ्वन ।

ग्वहालि भाजु ! ग्वहालिˢ ..... ।

धर्मदाई इतिमिति कान । विकुमायायाता तीजक थाङ न्यन-छु जुला त:जु !

छुयायेगु क भाजु ! जि कायं दु:ख जक ब्यू वइगु । चरेश गाजि त्वनिगु । थ:थम्हं इन्जेक्सन कायो अचेत जुयो च्वनिगु । ज्या छुं यागु मखुत । बौम्हा म्हां मफगु स्वला द्ये धुंकल । छुं हे वास्ता मया । बौ ता छु जुला धाय्गु तकं न्हय:स मतल । योसा छैं दुहँ वइगु मय्सा मवइगु । छुं सामान पिने तये मजिल । घ:जुसां यंकिगु करुवा जुसां यंकिगु । मव्यूसा ल्व वइगु । छैंया बस्जा त छुं हे मन्त भाजु । थौं नं नेदो पाय्म्हो हजि ! मव्यूसा खुकुरीं पालेगु धक प्वाला प्वाला थीगु खुकुरी ज्वङ वला । छु यायेगु भाजु । जिमिता ग्वहालि बिया । विकुमाया ह्वाँय् ह्वाँय् ख्वल ।

धर्मदाइ त्व:या छम्हा सामाजिक कार्यकर्ता ख: । त्व:या सकलै दाजुकिजा -ताताकेहें व पासा पिनिम्हा अविभावक जुयो सेवा याङ च्वंगु फुकुसिनं स्यू । उकिं वयागु अदप खय् सकलैं च्वं । न्हिया न्हिं बिहारे वानी भिक्षु पिनिगु धर्मदेशनाय् ब्वति काइ महामानव बुद्धं ब्यूगु शील प्रार्थना याई । व्यवहारे ङ्यलिइ । छम्हा शान्त व सुशिलम्हा मनू ख: धर्मदाइ ।

काय्माजु ग्व लय् ? धर्मदाइ नं न्यन

छि झ:गु खानेवं हुँ गल्लीचाय् सुचक वाना । विकुमायां ख्वख्वं लिस्: बिल ।

प्वाला प्वाला थीगु खुकुरी ज्वङ वला धगुलिं धर्मदाइया म्हा पिइसे च्वं । छुं जुयो प्वाक्क खुकुरीं पाल ब्यूसा छुयायेगु ! ङ्रग्स त्वनि पिनिगु छुं भ मदु । धर्मदाइया नुगलय् धौ बजि वाल । नुगलय् खाँ ल्हाक ल्हाकं धर्मदाइया पला गल्लीचा पाखे न्हयात । गल्ली दुने तांग्रांक स: वयेवं क खुकुरी वांछवल धायगु विश्वासं धर्मदाइ गल्ली दुने ब्वात । विकुमाया त:जुया काय विकुरत्न ह्याकुंचाय् सुपिल च्वंगु धर्मदाइ नं बाँलाक खान ।

आय् ! छुयाङ च्वङागु हाँई ? धर्मदाइ नं हकल । विकुरत्नं छुं हे लिस: मब्यू । मालिक खाङ ग्याम्हा खिचांथे मिखां जक पुलुपुलु स्वयो च्वन धर्मदाइ याता । धत् वदमास ! मां-बौता दु:ख वियागु क मखुला ? विकुरत्नया गतां ज्वङ धर्मदाइ नं ब्वबिल ।

-खुकुरी ग्व ?

-जिके खुकुरी मरु ! ग्या:गु सलय् विकुरत्नं लिस: बिल । क, थों फटाहा खाँ ल्हात भाजु । धरोधर्म थों खुकुरी ज्वङ

व:गु ख: जिभिता पालेगु धक । विकुमाया त:जु हने वयो प्रमाण बिल । विकुरत्नं न्वमवात ।

-क ध, खुकुरी गना तया ? धर्मदाइनं प्रहरी थें केलेफेल यात ।

-हुंकाना वांछोयागु द: । धायथे मधय्थे लिस: बिल । त्वालेया जलाखला पिसं खुकुरी माल हल ।

क स्व, धात्थें हे ख:गु जुयो च्वना क बदमास ! विकुरत्नयाता गतां ज्वङ गलिं पिता हल ।

ध्वाता भ्क्यारखानाय कुङ बिया भाजु ! अय् मदु थय् मरु । मां-बौ हे मधाइम्हा सिता छुकिया माया ध्व । हि हि लाङ ख्व ख्वं विकुमाया विन्ति यात ।

काय् याता भ्क्यारखानाय् तयेगुयां धाल । अय्सां सन्तान प्रतिया वात्सल्य माया दिलमायां त्वते मफत । क्वँय् मरुगु मे फाता पुइके अपु व्यवहारे छ्यले थाकुगु अनुभव जुल विकुमायां त:जु याता ।

क ध, । छ भ्क्यारखानाय् च्वनेगु धाया लाकि ग्यानि जुयेगु धाया । धर्मदाइ नं न्यन

-आवलि जिं दुःख बिये मखुत । विकुरत्नं ग्याग्यां लिस: बिल

-छु विश्वास छंगु ? छंता तक मछिं धाये धुन । लागू पदार्थ सेवन याये मते धक । छं थ:गु बानि त्व:तगु हे मखु । क पुलिसं ज्वंक छ्वेयेगु धाया लाकि माफ फ्वने धाया क ध, धर्मदाइ त:त सलं हाल

-अ.अथे जुइमखुत अका ! जि ग्यानि जुयेगु जुल सत्ते सत्ते दुःख बिये मखुत । धरोधर्म दुःख बिये मखुत जि पासापु नापां ड्रग्स नं काये मखुत । विकुरत्नं बाचा ल्हात । विकुमाया त:जुया नुगः ङ्याल । निभाले ला:गु बरफ थें । हां हां चा फपुल छेँखालिं लहिङ तपुं ग्वंग चा त हाल हल कुकुलियां कूं ! कुकुलियां कूं !

हार्दिक

मंगलमय शुभकामना

२५६१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

Tri Laxmi Traders

Ph. No.01-6617122, Mob. 9841334779, 9841581784
Chymhasingh Road-2, Bhaktapur

Stockist : Shankar gold Srew. Alok fold screw, Machine screw & Rathicol, Pashupati Paints, Tirupati Paints & many More...

Pro. shuva ratna buddhacharya Mob. No. 9841358364, 9818349449

हार्दिक शुभकामना

२५६१ औं बुद्ध जयन्तीया लसताय् सकल नेपामि पिन्त भिन्तुना !

bp KIDE LUMINOUS INVERTER · BATTERY · UPS NGK SPARK PLUGS TAPARIA

Gurju Trade House

Inaga, Doodhpati, Bhaktapur-17, Email: shakya38@hotmail.com

हार्दिक शुभकामना

२५६१ औं बुद्ध जयन्तीया लसताय् सकल नेपामि पिन्त भिन्तुना !

Dibya Sweets

Itachhen, Bhaktapur-17, 01-6613702

Quality Food For Food Health

२५६१ औं बुद्ध जयन्तीया लसताय् सकल नेपामि पिन्त भिन्तुना !

श्री रत्न ज्यासः पसः

तौलाछें, भक्तपुर, मो. ९८४१४७७१२९

यहाँ अर्डर बमोजिमका सुनचाँदीका गरगहनाहरू बनाउनुका साथै
विभिन्न राशीका पत्थरहरू पनि पाइन्छ ।

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९

प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६१

अदर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा
विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक
परेमा हामीलाई सम्झनुहोस् ।

DATTATRAYA WOOD CARVING CENTRE

Tachapal-3, Bhaktapur, Ph: 6617048

मोना क्लिनिक

लिवाली, च्याम्हासिंह

फोन नं. ६६१२५३७

सामान्य चिकित्सा सेवा दिनेहरू

१) रामकृष्ण प्रजापति - एच. ए. वी.पी.एच.

२) मैयाँ प्रजापति - स्टाफ नर्स, वी.एन.

एम.एच.सी.एम.

नव वर्ष २०७४ एवं
विस्केट जात्राको शुभ
उपलक्ष्यमा सम्पूर्ण
महानुभावहरूमा
हार्दिक मंगलमय
शुभकामना व्यक्त
गर्दछौ ।

Chanakya
Higher Secondary School

Chanakya
College of Management

Shankhadhar Chowk, Madhyapur
Thimi-14, Bhaktapur
Tel:01-6632668,
6221799,6637126, 6632927
Email: info@chankaya.edu.np

School | +2 Mgmt | BBS | MBS

२५६१ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।

विभिन्न किसिमका डाक्टरी
औषधिको लागि कमलविनायक
फर्मालाई सम्झनुहोस् आफूलाई
लागेको रोग निको पार्नुस।

कमलविनायक फर्मा
कमलविनायक, भक्तपुर
फोन नं. ६६१२०५८

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको जन्म,
सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा 'स्वाँ या पुन्ही'
को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बौद्ध दर्शन अध्ययन समाज

गोल्मढी-७, भक्तपुर, फोन नं: ०१-६६१००२६
Email: Email: arhattraimasik@gmail.com

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

"Education for Mind, Knowledge & Skill Development"

SMS

SHANKHADHAR MEMORIAL SCHOOL

Suryavinayak-1, Dadhikot, Kwachhen-Thimi, Bhaktapur

☎:6633831



Let's be

SHANKHADHARIAN ...